# आर्थिक वर्ष २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट र कार्यान्वयन खाका सम्बन्धी

# जानकारी पुस्तिका

नेपाल सरकार
अर्थ मन्त्रालय
२०७५, भदौ

# आर्थिक वर्ष २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट र कार्यान्वयन खाका सम्बन्धी

# जानकारी पुस्तिका

नेपाल सरकार
अर्थ मन्त्रालय
२०७५, भदौ

# भूमिका

नेपालको संविधान २०७२ लागू भए पश्चात संसद्को पहिलो निर्वाचनबाट जनताको अत्याधिक बहुमत सहित गठन भएको वर्तमान सरकारले वित्तीय संघीयता अनुरूपको पहिलो बजेट कार्यान्वयनमा ल्याएको छ। लामो समयसम्मको जनप्रतिनिधि विहीन अवस्था, राजनीतिक तथा नीतिगत अन्यौल एवम् अस्थिरताले छिरलिएको अर्थतन्त्र, अनुशासन गुमाउँदै गएको सरकारी बजेट प्रणाली, कमजोर वित्तीय क्षमता, विकास मैत्री हुन नसकेको प्रशासनिक संरचना र कमजोर सार्वजनिक सेवा प्रणालीको जगमा उभिएर यो सरकारले यथार्थ परक बजेट ल्याएको हो। बजेटले अर्थतन्त्रको समग्र स्थितिको सुधार गर्दै वित्तीय संघीयतालाई मजबुत बनाउनुको साथै सरकारले जनतासामु जाहेर गरेका प्रतिवद्धताहरूको प्रभावकारी कार्यान्वयन मार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन लक्ष्य प्राप्ति तर्फ पहिलो पाइला अघि बढाएको छ।

वित्तीय संघीयताको पूर्ण कार्यान्वयन गर्ने पहिलो बजेट भएकोले विगतको बजेट भन्दा प्रस्तुत बजेटको सोच, संरचना, कार्यदिशा, उद्देश्य, प्राथमिकता र कार्यान्वयन विधि समेत केही पृथक रहेको छ। बजेटको खाका, स्रोत व्यवस्थापन र विनियोजनको खाका अघिल्ला वर्षहरूको बजेटभन्दा फरक भएकोले यस बजेटका अङ्कहरू अघिल्ला वर्षहरूसँग सोझै तुलना गर्न पनि सकिँदैन। विगतमा एउटै बजेट तर्जुमाबाट राज्य सञ्चालन हुने गरेकोमा अब ७६१ वटा बजेट तर्जुमा मार्फत सो गर्नु पर्दा स्रोत र जिम्मेवारी धेरै बाँडिएका छन्। त्यसैले, संघको बजेटमा नै मुलुकका सबै

विकासका सपना नसमेटिनु स्वभाविक छ। यसैले बजेट बुझ्न र बुझाउन सजिलो होस् भन्ने उद्देश्यले समेत यो पुस्तिका प्रकाशन गरिएको हो।

यस पुस्तिकामा बजेट तर्जुमाको पृष्ठभूमि, बजेटका मुख्य मुख्य विशेषताहरू, मुख्य मुख्य कार्यक्रमहरू, बजेटले सम्बोधन गरेका वर्ग एवं क्षेत्र, बजेट कार्यान्वयनको खाका, तथा वित्तीय सुशासन कायम गर्न अपनाइएका उपायहरू बारे प्रश्नोत्तरको रुपमा उल्लेख गरिएको छ। पुस्तिकाले बजेटका बिभिन्न आयाम र यसमा उल्लेख भएका कार्यक्रमहरू बारे जिज्ञासा हल गर्न र बजेटका कार्यक्रमहरूको मर्म र कार्यान्वयन प्रकृया बारेमा आम जनसमुदायलाई सुसूचित गर्न सहयोग पुऱ्याउने विश्वास नेपाल सरकार, अर्थ मन्त्रालयले लिएको छ।

अर्थ मन्त्रालय
२०७५, भदौ

# विषय सूची

| विषय | | पृष्ठ |
|---|---|---|
| १. | वित्तीय संघीयता अनुरुपको पहिलो बजेट तर्जुमाको पृष्ठभूमि कस्तो थियो? | १ |
| २. | बजेटका मुख्य विशेषताहरू के हुन्? | ५ |
| ३. | बजेटमा समावेश भएका मुख्य कार्यक्रमहरू के के हुन? | १३ |
| ४. | बजेटबाट कसले के पाएका छन्? | ३७ |
| ५. | बजेट कार्यान्वयनको खाका र कार्य तालिका कस्तो छ? | ४३ |
| ६. | अर्थ मन्त्रालयले वित्तीय सुशासन कायम गर्न के गर्दैछ? | ४८ |
| ७. | प्रदेश र स्थानीय तहका कर सम्बन्धमा चलेको चर्चा के हो? | ५१ |
| ८. | घोषणापत्र कार्यान्वयन गर्न नेपाल सरकारको आगामी नीति तथा कार्यक्रम र बजेट कस्तो होला? | ५६ |

# प्रश्न १. वित्तीय संघीयता अनुरुपको पहिलो बजेट तर्जुमाको पृष्ठभूमि कस्तो थियो ?

## १.१ मुलुकको आर्थिक–सामाजिक रूपान्तरण गर्दै उत्पादक शक्तिको विकास गर्न निम्नानुसार बजेट तर्जुमा गर्नुपर्ने थियोः

- सामाजिक न्याय सहितको समुन्नत, स्वाधीन, सुदृढ र समाजवाद उन्मुख अर्थतन्त्रको आधारस्तम्भ तयार गर्नु पर्ने।
- नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" बनाउने दीर्घकालीन लक्ष्य हासिल गर्न मुलुकको उत्पादक शक्तिलाई परिचालन गर्ने।
- सीमित स्रोतबाट जनताको विकास प्रतिको उच्च आकांक्षालाई सम्बोधन गर्नु पर्ने।
- विकास साझेदारहरूलाई विश्वासमा लिँदै सार्वजनिक, निजी र सहकारी तथा सामुदायिक क्षेत्रलाई विकास अभियानमा सँगसँगै हिंडाउनु पर्ने।

## १.२ संघीयताको पूर्ण कार्यान्वयनको लागि नयाँ संरचना र व्यवस्था सहित तल उल्लेख गरे अनुसार बजेटको तयारी गर्नु पर्ने थियोः

- संघ, प्रदेश र स्थानीय तह गरी ७६१ सरकारलाई संघीय प्रणाली अनुरूपको सङ्गठन संरचना र जनशक्तिको व्यवस्थापन गर्नु पर्ने।
- जनसंख्या र भूगोलको सन्तुलन मिलाई संघबाट प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको सूत्र तयार गरी रकम विनियोजन गर्नु पर्ने।

- संघबाट सङ्कलन हुने राजस्वको संघ, प्रदेश र स्थानीय तहमा न्यायपूर्ण बाँडफाँट गर्ने सूत्र तथा कार्यविधि तय गरी राजस्व हस्तान्तरण गर्नु पर्ने।
- प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा पर्ने तर संघबाट सञ्चालित अधुरा विकास आयोजनाहरू स्रोत सहित तत् तत् तहलाई हस्तान्तरण गर्न मापदण्ड तयार गरी कार्यान्वयन गर्नु पर्ने।
- संघ, प्रदेश र स्थानीय तहको कराधिकार स्पष्ट गर्नुपर्ने र साझा अधिकार सूचीको कर बाँडफाँटको व्यवस्थापन गर्नुपर्ने।

### १.३ वर्तमान सरकार गठन हुँदा देहाय बमोजिम बजेट प्रणाली र वित्तीय अनुशासन कमजोर अवस्थामा थियोः

- प्रतिनिधि तथा प्रदेश सभा चुनावलाई प्रभाव पार्न र चुनाव पछि पनि कामचलाउ सरकारले अन्धाधुन्ध वित्तीय दायित्व थपेका कारणले यो सरकार माथि बजेट ब्यवस्था नभएको करिव रू.८ खर्वको तत्काल भुक्तानी दिनु पर्ने दायित्व रहेको।
- बजेट अनुशासन विपरित संसदबाट बजेट स्वीकृत भएपछि नयाँ आयोजना थप्दै जाने, उपलब्ध स्रोत तथा आयोजनाको लागत र सम्पन्न गर्नुपर्ने अवधिको ख्यालै नगरी वर्षैभरि असीमित रूपमा बहुवर्षीय ठेक्का स्वीकृत गर्ने एवं मुलुकले दीर्घकालमा धान्नै नसक्ने कार्यक्रमहरू र अनुदान घोषणा गर्ने कार्यहरू भइरहेको।

- बजेट विनियोजन विना स्रोत सुनिश्चित गरिएका र बहुवर्षिय ठेक्कामा रहेका असङ्ख्य आयोजनाहरूको दायित्व फरफारक गर्न निकै वर्ष लाग्ने स्थिति रहेको।
- राजस्व र वैदेशिक सहयोग परिचालन न्यून रहेको। आर्थिक वर्ष भरीमा रू.२८६ अर्ब वैदेशिक सहायता परिचालन गर्ने लक्ष्यको तुलनामा सरकार गठन हुनु अघिको सात महिनामा रू.३३ अर्ब मात्र परिचालन भएको। सो अवधिमा राजस्वको वृद्धिदर २१ प्रतिशत हुनुपर्ने लक्ष्यको तुलनामा १६ प्रतिशत मात्र वृद्धि भएको।
- एकातिर बजेट बाहिरका आयोजनाहरूको कार्यान्वयनको भुक्तानी दिनै पर्ने र अर्कोतिर थोरै बजेट विनियोजन गरेर धेरै खर्च गरेका बजेट भित्रका ठूला आयोजनाहरूको पनि भुक्तानी दिनु पर्ने अवस्था रहेको। त्यसैले आर्थिक वर्षको अन्त्य सम्ममा नेपाल सरकारले रू.४५ अर्ब ओभरड्राफ्ट उपयोग गर्नु परेको।
- भूकम्प पछिको पुनःनिर्माणमा सृजना भएको दायित्व पूरा गर्न थप स्रोत आवश्यक भएको। निजी आवास निर्माणमा मात्र एक वर्षमा रू.१ खर्ब भन्दा बढी अनुदान दिनु पर्ने भएको।

### १.४ मौद्रिक तरलताको अभावको कारण निम्नानुसार निजी क्षेत्रले व्यवसाय गर्न पूँजी नपाउने र पाएपनि उच्च ब्याज तिर्नु पर्ने स्थिति थियोः

- २०७४ असारदेखि माघसम्म आइपुग्दा बाणिज्य बैङ्कहरूको कर्जाको औसत ब्याजदर अघिल्लो वर्षको

तुलनामा करिव २ प्रतिशत बिन्दुले बढेर १२ प्रतिशत पुगिसकेको। नयाँ कर्जाको व्याजदर १५ प्रतिशत माथी पुगेको। थप लगानीका लागि बैंकहरूसँग लगानीयोग्य रकम नरहेको।

- तरलता अभावको अवस्थामा पनि अघिल्लो सरकारले आन्तरिक ऋण परिचालन मार्फत रू.११५ अर्ब खिचेर बैङ्किङ क्षेत्रको लगानीयोग्य रकम सीमित गरेकोले कर्जाको ब्याजदरमा थप चाप परेको।

## १.५ बढ्दो व्यापार घाटाका कारण तल उल्लेख भए अनुरुप आयात नियन्त्रण र निर्यात प्रवर्द्धन हुने तथा घाटामा गएको भुक्तानी सन्तुलनमा सुधार ल्याउनु पर्ने अवस्था थियोः

- व्यापार घाटा फराकिलो हुँदै गई २०७४ माघसम्म आइपुग्दा मुलुकको एक वर्षको निर्यातले एक महिनाको आयात पनि धान्न नसक्ने स्थिति रहेको।
- लामो समयसम्म बचतमा रहेको शोधनान्तर स्थिति घाटामा गई विदेशी मुद्रा सञ्चिति क्रमशः घट्न थालेको।
- विप्रेषण (रेमिटेन्स) को वृद्धिदर २ प्रतिशतमा झरेको।

●●●

## प्रश्न २. बजेटका मुख्य विशेषताहरू के हुन?

### २.१ संघीय नेपालको नयाँ संरचनाको बजेट सुरुवात भएको छ।

संवैधानिक व्यवस्था र संघीय संरचनाको प्रावधान अनुसार चालू आर्थिक वर्षदेखि सरकारी बजेटको संरचना परिवर्तन भएको छः

- यो वर्षदेखि तीनै तहका गरी ७६१ सरकारले बजेट तर्जुमा गर्नुपर्ने र त्यसका लागि राजस्व बाँडफाँट तथा वित्तीय समानीकरण अनुदान वितरणका कार्यहरू संघको बजेटबाट प्रथम पटक शुरु गरिएको। नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत सूत्रहरू प्रयोग गरी राजस्वको बाँडफाँट र समानीकरण अनुदान विनियोजनका कार्यहरु सम्पन्न गरिएको।
- संघबाट संकलन हुने राजस्व तथा करका अधिकार प्रदेश र स्थानीय तहसँग वाड्नु पर्ने भएकाले यो वर्ष नेपाल सरकारको बजेटको आकार रू.१३१५ अर्ब रहन गएको। तथापि तीनै तह गरी ७६१ सरकारहरूको कुल बजेटको आकार करिव रू.१५२५ अर्ब भएको अनुमान रहेको।
- नेपाल सरकारको बजेटमा प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटबाट हस्तान्तरण हुने रू.११४ अर्ब तथा कराधिकार हस्तान्तरणबाट परिचालन हुने करिव रू.४० अर्ब बराबरको रकम समाबेश नभएको।
- संघले प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण, समपूरक, सशर्त र विशेष अनुदान गरी जम्मा रू.३२८ अर्ब चालू खर्च भित्र समावेश गरिएकोले नेपाल सरकारको बजेटमा चालू खर्चको आकार उच्च देखिएको।

त्यस्तो अनुदानको ठूलो हिस्सा प्रदेश र स्थानीय तहहरूको बजेटमा पूँजीगत खर्चको रूपमा आउने।

- कृषि, सिँचाइ, खानेपानी, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रहरूका अधिकांश कार्यक्रम/आयोजनाहरू प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने कारण ती क्षेत्रहरूमा संघीय सरकारको विनियोजन कम देखिएको। तर तीनै तहका सरकारहरूको समग्र बजेट समावेश गर्दा यी क्षेत्रहरूमा बजेट विनियोजन बढेको देखिने।
- नेपाल सरकारको बजेटमा पूँजीगत खर्च रू.३१४ अर्ब देखिने भए पनि प्रदेश र स्थानीय तहको समेत जोड्दा समग्र पूँजीगत खर्च रू.६२५ अर्ब भन्दा माथि हुने।
- राजस्व परिचालन तर्फ बजेटमा रू.८३१ अर्ब मात्र देखिए पनि प्रदेश र स्थानीय तहमा बाँडफाँट भई जाने राजस्व र हस्तान्तरण भएको कराधार समेत गरी कम्तिमा रू.९८५ अर्ब राजस्व परिचालन हुने स्थिति रहेको।
- समग्रमा संघीयता कार्यान्वयन पछिको पहिलो वजेट भएकोले यो वर्षको राजस्व तथा खर्च र त्यसको विनियोजनका आँकडाहरूलाई विगतका वर्षहरूसँग तुलना गर्न नमिल्ने ।

२.२ **सरकारले समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको सुरुवात गरेको छ।** संवैधानिक व्यवस्था र नेपाल कम्युनिष्ट पार्टीको मूल आदर्श, नीति तथा चुनावी प्रतिबद्धता अनुसार बजेटले

अर्थतन्त्रलाई समृद्धि र समाजवाद तर्फ अघि बढाउने प्रस्थान विन्दुको रुपमा आधार तयार गरेकोः

- मानव जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरू शीघ्र परिपूर्ति गर्दै चरम गरिवी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने।
- द्रुत आर्थिक तथा मानवीय विकास गर्न साधन-स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गर्ने।
- समुन्नत, सुदृढ, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्न आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्ने।

**२.३ बजेटले समाजवादको मर्मलाई व्यवहारमा उतार्ने प्रयास गरेको छ।** कसैलाई पनि गरिवीमा राखेर समृद्धि र समाजवाद हाँसिल गर्न नसकिने हुँदा चरम गरिवी, विपन्नता र पछौटेपनको अन्त्य गर्दै आय असमानता न्यूनीकरणमा बजेटले जोड दिएको छः

- सबैको लागि समान हक, समान अवसर र समान सम्मान दिइने।
- उत्पादक नागरिकलाई काम र रोजगारीसँग आबद्धता गर्ने।
- राज्यको संरक्षण आवश्यक पर्ने व्यक्ति, परिवार र समुदायको लागि प्रभावकारी सामाजिक सुरक्षाको व्यवस्था गरी जीवनयापन सहज तुल्याउने।
- सरकारी खर्च प्रणालीबाट सबैका लागि सुरक्षित आवास, गुणस्तरीय स्वास्थ्य सेवा, साक्षरता, माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, शुद्ध खानेपानीमा पहुँच र आधुनिक उर्जा

लगायत मानव जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरूको शीघ्र परिपूर्तिमा जोड दिने।

- गरीब तथा विपन्न व्यक्ति तथा परिवार र लोपोन्मुख समुदायको उत्थानको लागि आवास, स्वास्थ्य, शिक्षा र रोजगारीमा विशेष जोड दिने।
- मुक्त कमैया र हलियाहरूको पुनर्स्थापनाको कार्य तथा सुकुम्बासी समस्याको भरपर्दो तवरले समाधान गर्न प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने।
- सहकारी क्षेत्रलाई गरिवी निवारण, आय असमानताको न्यूनिकरण र रोजगारी अभिवृद्धिको संवाहकको रूपमा विकास गर्ने।
- कर प्रणालीलाई प्रगतिशील बनाई न्यून तथा मध्यम आय भएका व्यक्ति तथा परिवारलाई राहत र उच्च आय वर्गलाई बढी कर तिर्नु पर्ने व्यवस्था गर्ने।
- राष्ट्रिय पूँजीको विकास तथा सम्बर्द्धन गर्दै अत्यावश्यक र रणनीतिक महत्वका वस्तुहरूमा आत्मनिर्भर हुन कृषि र औद्योगिक क्षेत्रहरूलाई सरकारी अनुदान र कर प्रणालीबाट प्रोत्साहन तथा संरक्षण गर्ने।

२.४ **बजेटले "समृद्ध नेपालः सुखी नेपाली" को दीर्घकालीन उद्देश्य हासिल गर्ने पाइला दरिलोसँग टेकेको छः**

- गरिवी र विपन्नतामा रहेका सबै व्यक्ति, परिवार र समुदायलाई दुई वर्षभित्र औसत नेपालीको स्तरमा ल्याउन सुरक्षित आवास, शुद्ध खानेपानी, आधुनिक र नवीकरणीय

उर्जा, खाद्य सुरक्षा, आधारभूत स्वास्थ्य सेवा, साक्षरता र सबै व्यक्तिको बैंक खातामा पहुँच पुग्ने व्यवस्था गरिएको।

- सबै नागरिकलाई काम र रोजगारीसँग आवद्धता गर्दै यो वर्ष ५ लाख रोजगारीका अवसर सिर्जना गर्न कार्यक्रम ल्याइएको।
- शिक्षालाई काम र रोजगारीसँग आबद्ध गर्न प्राविधिक तथा व्यवसायिक शिक्षाको विकासमा जोड दिइएको।
- काम र रोजगारी सिर्जना गर्न कृषक, शिक्षित बेरोजगार, विदेशी रोजगारीबाट सीप सिकेर फर्केका व्यक्ति, महिला उद्यमी, युवा व्यवसायी, दलित समुदाय, गरीब तथा विपन्न वर्ग र भुकम्प पिडितका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गरिएको।
- सबै नागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन राज्य प्रदत्त सामाजिक सुरक्षाका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने कार्यको थालनी गरिएको।
- आधुनिक नेपाल निर्माण अभियानमा गति दिन विद्युतीय रेल, द्रुतमार्ग, फराकिला सडक, उर्जा, खानी, जल यातायात, सिँचाइ र आधुनिक सहरी पूर्वाधार विकास कार्य रणनीतिक रूपमा अघि बढाइएको।
- सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्दै नागरिकलाई अनुभूति हुने गरी आधारभूत सुशासन पक्षलाई सुदृढ बनाउन थालिएको।

- संघीयता कार्यान्वयनका लागि आवश्यक बढ्दो खर्च व्यवस्थापन गर्न, पूर्वाधार क्षेत्रमा लगानी बढाउन र सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो बनाउन राजस्वको दायरा र आधार बढाइएको।

## २.५ संघीयताको मर्मलाई आत्मसात गरी तीनै तहका सरकारहरूको उच्चतम् समन्वय, सहकार्य र सहयोगमा आर्थिक रूपान्तरणका कार्यक्रमहरु अघि बढाउन खोजिएको छः

- विकासको जग तलैबाट उठाउन प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धि, साधन स्रोतमा पहुँच र पूर्वाधार विकासमा जोड दिइएको।

- प्रदेशको समग्र विकासको लागि सबै प्रदेश राजधानीलाई कम्तिमा एक अन्तर्राष्ट्रिय व्यापारिक नाकासँग जोड्ने गरी यातायात पूर्वाधारको विकास, अन्तर्राष्ट्रिय स्तरको विमानस्थल, प्रदेश कार्यालयको निर्माण, कम्तिमा एक आर्थिक, औद्योगिक र विशेष आर्थिक क्षेत्रको स्थापना, अन्तरप्रदेशीय राजमार्ग, वहुउद्देश्यीय जलविद्युत आयोजनाको कार्यान्वयन गर्ने व्यवस्था भएको।

- कृषि, उद्योग, पर्यटन, सहकारी, नदी नियन्त्रण, उर्जाको विकास, गरिवी निवारण र विकास आयोजनाहरूको अनुगमन कार्य तीनै तहका सरकारहरूको समन्वय र सहकार्यमा गर्ने व्यवस्था मिलाएको।

- सहकारी मार्फत जडिबुटी लगायत वन पैदावारको सङ्कलन र प्रशोधनमा तथा रेशम, कपास खेती र ऊन उत्पादनको

लागि उत्पादन अनुदान र प्रशोधन कारखानाको स्थापनाको लागि अनुदान दिने व्यवस्था रहेको।

## २.६ आर्थिक विकासका अवरोध र विकृतिहरूको निराकरण गरी आर्थिक रूपान्तरणको मार्ग प्रशस्त गर्न बजेट दह्रो रूपमा प्रस्तुत भएको छः

- स्रोत बेगर आयोजना स्वीकृत गर्ने, आयोजनामा विनियोजित रकम जथाभावी रकमान्तर गर्ने, वर्षैभरि आयोजना स्वीकृत गर्ने, राजस्व परिचालनमा लापरवाही गर्ने, आयोजना कार्यन्वयनमा ढिलासुस्ती गर्ने, सरकारी प्रशासनिक खर्च जथाभावी बढाउने लगायतका विकृतिहरू अन्त्य गर्दै बजेट अनुशासनको पूर्ण पालना गर्ने।
- विकास निर्माण, आपूर्ति, ढुवानी, यातायात सेवा लगायत आर्थिक विकास र जनजीवनलाई प्रत्यक्ष प्रभाव पर्ने क्षेत्रहरुमा सबै प्रकारका मिलीमतोको अन्त्य गर्ने।
- अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरूको समन्वय तथा अनुगमन प्रभावकारी बनाई त्यस्ता संस्थाहरूको कार्यक्रमलाई स्थानीय तहका कार्यक्रमहरूसँग आवद्ध गर्ने र स्रोत परिचालन पारदर्शी बनाउने।
- विकास आयोजनाहरूको प्रभावकारी कार्यान्वयनको लागि आयोजना छनौटदेखि कार्यान्वयन तहसम्मको कार्यलाई पारदर्शी र व्यवस्थित गर्ने।
- विकास आयोजनाहरूको कार्यान्वयनमा उपभोक्ता समितिको भूमिका र जिम्मेवारीलाई पुनरावलोकन गर्ने।

- राजस्व प्रणालीमा सुधार गरी यसलाई मूलतः प्रगतिशील र उत्पादनमुखी बनाउने।
- सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्नुको साथै प्रशासनिक संयन्त्रलाई विकास मैत्री बनाउन सेवा गुणस्तरको मानक तयार पार्ने, साँगठनिक संरचनालाई चुस्त, दुरुस्त, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउने।
- सरकारी सेवालाई विद्युतीय प्रणालीमा क्रमशः रूपान्तरण गर्ने र भ्रष्ट्राचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने।

●●●

## प्रश्न ३. बजेटमा समावेश भएका मुख्य कार्यक्रमहरू के के हुन?

**३.१ बजेटले सबै नागरिकलाई काम र रोजगारीमा आबद्ध गर्ने कार्यक्रम ल्याएको छः** वर्तमान सरकारको समृद्धिको सोच, उत्पादनसँग उत्पादनका साधन जोड्नु पर्ने आवश्यकता र मुलुकमा हाल तुलनात्मक लाभको रूपमा रहेको जनसाँख्यिक लाभ लिन पनि युवालाई काममा जोड्नु पर्ने हुन्छ। सरकारको सामाजिक सुरक्षाले लोककल्याणकारी कार्य हुने भए पनि यसबाट मात्र समृद्धिमा पुग्न सकिदैन। वैदेशिक रोजगारीबाट प्राप्त हुने आयवाट अल्पकालीन समस्यामात्रै समाधान हुने भएकोले आत्मसम्मान सहितको स्वाधिन अर्थतन्त्र निर्माण गर्न स्वदेशमा नै रोजगारी सुनिश्चित गर्नु पर्ने हुन्छ। यसका लागि बजेटले काम र रोजगारीलाई देहाय बमोजिम महत्व दिएको छः

- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यो वर्ष थप ५ लाख रोजगारी सिर्जना हुने गरी कृषि, नदी नियन्त्रण, सिँचाइ, खानेपानी, वन, पर्यटन, साना तथा घरेलु उद्योग, शहरी विकास, पूनर्निर्माण र अन्य भौतिक तथा सामाजिक क्षेत्रको पूर्वाधार निर्माण र सम्बर्द्धन कार्य अघि बढाइने।
- क्षेत्रगत र मन्त्रालयगत रूपमा रोजगारीका लक्ष्य निर्धारण, रोजगारी प्राप्ती तथा प्रदान गर्ने विधि र प्रक्रिया सहितको कार्यनीति तर्जुमा गरिने।

- संघीय संसदको यसै अधिवेशनमा रोजगारी प्रत्याभूति कानून ल्याई रोजगारीका क्षेत्र, सूचना, मापदण्ड, ज्यालादर र बेरोजगारको लागि विशेष व्यवस्था लागू गरिने।
- काम र रोजगारीलाई उद्यमशीलता र पूँजी उपलब्धतासँग आबद्ध गरी कृषक, महिला उद्यमी, निश्चित सीप सिकेर वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति, उच्च शिक्षा हासिल गरेका बेरोजगार युवा, गरीब तथा विपन्न र सीमान्तकृत तथा दलित समुदायलाई व्यवसाय सञ्चालन गर्न सहुलियत ऋणको व्यवस्था गरिने।
- निश्चित सङ्ख्या भन्दा बढी रोजगारी सिर्जना गर्ने उद्योगहरूलाई रोजगारीको संख्याको आधारमा आयकरमा छुट दिने।
- कम्तिमा एक हजार व्यक्तिलाई रोजगारी दिने उद्योगमा महिला, दलित वा अपाङ्गहरूको रोजगारी संख्या कम्तिमा एक तिहाइ भएमा त्यस्ता उद्योगहरूलाई थप १० प्रतिशत आयकर छुट दिइने।

३.२ **वजेटले सबै नागरिकलाई क्रमशः सामाजिक सुरक्षाको दायरामा ल्याउने कार्यक्रम अघि वढाएको छः** लोककल्याणकारी राज्यमा सबै नागरिक राज्यबाट पूर्णरूपमा सुरक्षित र संरक्षित हुनु पर्ने हाम्रो मान्यता हो। यस अनुरुप सबै नागरिकलाई कुनै न कुनै रूपमा राज्यको सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षाका कार्यक्रमहरू एकिकृत रूपमा सञ्चालन गर्ने, यसको दायरा बढाउने र दोहोरोपना हटाउने कार्यको सुरुवात यो वजेटवाट भएको छः

- यो वर्ष सत्तरी वर्षभन्दा माथिका सबै जेष्ठ नागरिकहरूलाई रू.एक लाखसम्मको निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिएको।
- जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता भएका व्यक्ति, लोपोन्मुख आदिवासीलाई प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइएको।
- बालबालिकाको सुरक्षा राज्यको दायित्व भएको हुँदा बाल संरक्षण अनुदान रकम दोब्बर गरी यसको दायरा फराकिलो बनाइएको। विगतमा कर्णाली अञ्चलका बालबालिकाहरूलाई मात्र यस्तो अनुदान दिने गरिएकोमा अब मानव विकास सूचकाङ्कमा पछि परेका जिल्लाहरूका सबै बालबालिकाहरूलाई बाल संरक्षण अनुदान प्रदान गर्ने व्यवस्था मिलाइएको।
- मुक्त कमैया र हलियाको पुनर्स्थापनाको समस्या यसै वर्ष सम्पन्न गर्ने व्यवस्था भएको।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरी विपन्न र पिछडिएका सबै महिलालाई सीप तथा उद्यमशीलता विकास, सामाजिक सचेतना र संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरिएको।
- ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको आपतकालीन उद्धार गर्न एयर एम्बुलेन्सको प्रबन्ध गरिएको।

- अपाङ्गता भएका व्यक्तिहरूको मनोबल, मर्यादा, सीप र क्षमता बढाउने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न बजेट व्यवस्था भएको।
- बेवारिसे, जोखिमपूर्ण र अव्यवस्थित रूपमा सडकमा जीवन बिताइरहेका असहाय बालबालिका एवं अन्य नागरिकहरूको समेत उद्धार, व्यवस्थापन र पुनर्स्थापना कार्यक्रम राखिएको।
- अर्टिजम भएका, मानसिक रोगी, टुहुरा बालबालिका, असहाय, वृद्ध, अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा र हेरचाह गर्ने संस्थाहरूलाई अनुदानको व्यवस्था गरिएको।
- प्रत्येक प्रदेशमा कम्तिमा एक जेष्ठ नागरिक आरोग्य आश्रम सञ्चालन गर्ने कार्यक्रम रहेको।
- सामुदायिक विद्यालयमा गरिवीको रेखामुनि रहेका र मानव विकास सूचकाङ्क न्यून रहेका परिवारका विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध गराउने प्रवन्ध गरिएको।
- दलित तथा लोपोन्मुख समुदायका बालबालिकाहरुलाई सबै विषयमा उच्च शिक्षा निःशुल्क हुने ब्यवस्था मिलाइने।
- दलित समुदायको उत्थानको लागि सामूहिक जमानीमा सहुलियत ऋणको व्यवस्था गरिएको।
- असँगठित क्षेत्रमा कार्यरत किसान, श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायरामा क्रमशः ल्याउने व्यवस्था मिलाइएको।

- राष्ट्र सेवक कर्मचारीहरूको लागि पोशाक तथा महङ्गी भत्ता वृद्धि गरिएको, जीवन बीमाको बीमाङ्क बढाइएको र कर्मचारी सञ्चय कोष मार्फत कर्मचारी आवास योजना सञ्चालन गर्ने प्रबन्ध मिलाइएको।

३.३ **सबै नागरिकलाई भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारको प्राथमिकता अनुरुप कार्यक्रमहरु तय गरिएको छः** नागरिकलाई गर्भावस्थादेखि वृद्धावस्थासम्मका लागि आवश्यक न्यूनतम स्वास्थ्य सेवा सहज र गुणस्तरयुक्त बनाउन देहाय बमोजिमका कार्यक्रमहरु एकिकृत र ब्यवस्थित रुपमा अघि बढाइएको छः

- सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने।
- आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखिनै स्वास्थ्य सेवामा पहुँच, स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई यातायात खर्च र बच्चाहरूको लागि पोषण कार्यक्रमको व्यवस्था गरिने।
- सबै स्वास्थ्य संस्थाहरूमा सरकारले निःशुल्क उपलब्ध गराउने औषधिहरूको उपलब्धता सुनिश्चित गर्ने।
- सबै स्थानीय तहमा कम्तिमा एक चिकित्सकको सेवा उपलब्ध गराउने।
- सबै प्रदेशहरूमा कम्तिमा एक स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने नीति अनुरुप यो वर्ष प्रदेश ७ को गेटा (कैलाली), कर्णाली प्रदेशको सुर्खेत, प्रदेश ५ को बुटवल र प्रदेश २ को बर्दिबासमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिने।

- दुई वर्ष भित्र स्थानीय तहका सबै वडाहरूमा न्यूनतम एक स्वास्थ्य संस्था स्थापना गर्न पहिलो चरणमा मुलुकभरिका १२०० वडाहरूमा स्वास्थ्य केन्द्र निर्माण गरिने।
- ठूला अस्पतालहरूको क्षमता र गुणस्तर अभिवृद्धि, बिस्तारित स्वास्थ्य सेवा, ज्येष्ठ नागरिक वार्ड र विशेषज्ञ सहितको घुम्ती अस्पताल सेवाको व्यवस्था गर्ने।
- महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई स्वास्थ्य बीमाको व्यवस्था गर्ने।
- नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरी ध्यान र योगको माध्यमबाट सकारात्मक सोच र व्यक्तित्व विकास तथा वैकल्पिक उपचार पद्धतिलाई एकीकृत रूपमा सञ्चालन गर्ने।
- स्वास्थ्य सेवा कर खारेज गर्नुको साथै नीजि क्षेत्रबाट सञ्चालित सामुदायिक अस्पतालले तिर्नु पर्ने आयकरको दरमा २० प्रतिशत छुट दिने।

### ३.४ वजेटले सबै व्यक्तिलाई साक्षर बनाउदै सबै बालबालिकालाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाउने कार्यक्रम ल्याएको छः

- दुई वर्ष भित्र साक्षर नेपाल घोषणा गर्न निरक्षरता बाँकी रहेका १५ जिल्लाहरूका निरक्षर नागरिकहरुलाई प्रदेश र स्थानीय स्तरको संयन्त्र र सामुदायिक सिकाइ केन्द्र समेत परिचालन गरी साक्षर अभियान सञ्चालन गरिने।
- सबै सामुदायिक विद्यालयका सबै विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गर्ने सरकारको दीर्घकालीन नीति अनुरूप

यो वर्ष कर्णाली अञ्चल र मानव विकास सूचकाङ्कमा पछि परेका स्थानीय तहका करिव १४ लाख विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गरिने।

- मदरसा, गुरुकुल र गुम्बा शिक्षालाई आधुनिक शिक्षाको मूलधारमा ल्याइने।
- नेपाली सांकेतिक भाषाको विकास तथा अनुसन्धान, दोभासे तालिम र यसको व्यवसायिकता विकासलाई प्रोत्साहित गरिने ।
- दलित तथा लोपोन्मुख समुदायका बालबालिकाको लागि उच्च शिक्षासम्म निःशुल्क गरिने।
- निश्चित सामुदायिक विद्यालयहरूमा आवासीय छात्रावास सञ्चालन गर्न प्रति विद्यालय रू.२ लाख ५० हजार अनुदान दिइने।
- मुक्त कम्हलरी, अपाङ्ग, हिमाली, अति सीमान्तकृत समुदाय र फिडर आवासीय छात्रावासमा बस्ने विद्यार्थीका लागि प्रति विद्यार्थी प्रति वर्ष रू.४० हजार अनुदान दिइने।
- शिक्षामा पहुँच अभिवृद्धि गर्न विपन्न वर्गका बालबालिका, शहीदका छोराछोरी, द्वन्द्व पीडितका छोराछोरी र अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा प्रदान गर्न रू.२ अर्व ९० करोड छात्रवृत्तिको व्यवस्था गरिएको।
- सामुदायिक विद्यालयलाई क्रमशः अपाङ्ग तथा बाल मैत्री बनाउदै ती विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँच विस्तार गरिने।

- सबै सामुदायिक विद्यालयहरूलाई सुविधा सम्पन्न बनाउने नीति अनुरूप यो आर्थिक वर्ष करिव ७ हजार सामुदायिक विद्यालयमा इन्टरनेट जडान गर्दै ५ हजार नयाँ कक्षा कोठा र १५५४ शौचालय निर्माण गरिने। त्यसैगरी, एक हजार सामुदायिक विद्यालयहरूमा कम्प्युटर, पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण गरिने र २१९ सामुदायिक विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गरिने।

## ३.५ बजेटले शैक्षिक गुणस्तर अभिवृद्धि र प्राविधिक तथा व्यावसायीक शिक्षाको विकासमा जोड दिएको छः

- आगामी दश वर्षभित्र शिक्षामा प्राविधिक विषयको अंश ७० प्रतिशत हुने गरी शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्ने नीति अनुरूप पहिलो चरणमा यो वर्ष कम्तिमा ३५० स्थानीय तहमा प्राविधिक शिक्षालय वा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको व्यवस्था गरिने।

- भौगोलिक रूपमा विद्यालयबाट टाढा रहेका प्राविधिक तथा व्यवसायिक विषयका विद्यार्थीहरूको लागि आवासीय शिक्षाको व्यवस्था गरिने।

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को आङ्गिक, सामुदायिक साझेदारी तथा सम्बन्धन प्राप्त शिक्षालयबाट थप ५३ हजार व्यक्तिलाई एक वर्षमा प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गरिने।

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, सीप विकास परियोजना र व्यवसायिक शिक्षा तथा तालीम

अभिवृद्धि योजनाबाट चालू आर्थिक वर्ष थप ७७ हजार ब्यक्तिलाई छोटो अवधिको तालीम प्रदान गरिने।

- प्राविधिक धारका विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि २५० जनालाई उच्च प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति प्रदान गरिने।
- आर्थिक रूपमा विपन्न, सीमान्तीकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण उपलब्ध गराइने।

३.६ **सरकार सबै नागरिकलाई सुरक्षित घरमा राख्न चाहन्छ।** यसै कारण चालू आर्थिक वर्षको बजेटमा सबै घरपरिवारलाई दुई वर्षभित्र सुरक्षित आवास सुनिश्चित गर्न देहाय बमोजिमका कार्यक्रमहरू समावेश भएका छन्:

- भूकम्पवाट क्षतिग्रस्त भएका करिव ८ लाख निजी आवासमध्ये पुनर्निर्माण हुन बाँकी घरहरूको पुनर्निर्माण कार्य चालू आर्थिक वर्षमा सम्पन्न गर्ने।
- पराल वा खरको छाना लगायत असुरक्षित र आवासविहिन अवस्थामा रहेका घर परिवारले आफैले जस्ताछाना सहितको सुरक्षित निजी आवास निर्माण गर्न चाहेमा निश्चित विधि र प्रक्रियाको आधारमा अनुदान दिने।
- जनता आवास कार्यक्रम अन्तर्गतका निर्माणाधीन आवासहरूको कार्यान्वयनमा तीब्रता दिई आवास निर्माणलाई पूर्णता दिने।

- गरिवीको रेखामुनि रहेका घरपरिवारहरूले सुरक्षित आवासको निर्माण आफैले गर्न चाहेमा प्रति परिवार रू.५० हजारसम्म अनुदान दिने।

## ३.७ तीन वर्षभित्र सबै नेपालीलाई खानेपानीको पहुँच सुनिश्चित गर्ने वजेटले प्रतिवद्दता जनाएको छः

- सञ्चालनमा रहेका खानेपानीका सबै आयोजनाहरूको तीव्र कार्यान्वयन गर्न पर्याप्त बजेट विनियोजन गरिनुको साथै चालू आर्थिक वर्षमा सम्पन्न हुन सक्ने आयोजनाहरूलाई बजेट सुनिश्चित गरिएको।
- स्थानीय तह, सामुदायिक तथा गैर सरकारी संस्थाहरूले उपभोक्तासँग लागत सहभागितामा सम्पन्न गर्न खानेपानी आयोजनाहरूका लागि समपूरक अनुदानको व्यवस्था गरिएको।
- खानेपानी र सिँचाइको आवश्यकता एकसाथ परिपूर्ति गर्ने उद्देश्यले प्रदेश र स्थानीय तहसँगको सहकार्यमा सौर्य र वायु लगायतका वैकल्पिक ऊर्जामा आधारित उच्च प्रविधियुक्त सिंचाइ र खानेपानीका आयोजनाहरू सञ्चालन गर्ने।
- मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको कामलाई यथाशीघ्र सम्पन्न गरी दोस्रो चरणको आयोजना प्रारम्भ गर्ने तयारी रहेको।
- तराई मधेशमा रहेका आर्सेनिक रहित सुरक्षित खानेपानी कार्यक्रमलाई निरन्तरता दिइएको।

**३.८ बजेटले दश वर्षभित्र पन्ध्र हजार मेगा वाट क्षमताको जलविद्युत उत्पादन हुने गरी जलविद्युत क्षेत्रको विकासलाई तिव्रता दिएको छः**

- अगामी तीन वर्ष भित्र सबै नेपालीको घरमा आधुनिक ऊर्जा र पाँच वर्ष भित्र सबै घरपरिवारलाई माग बमोजिम विद्युत सेवा उपलब्ध गराउने गरी आवश्यक जलविद्युत तथा वैकल्पिक उर्जा कार्यक्रम सञ्चालन गर्ने।
- सम्भाव्य सबै स्थलहरूमा जलविद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा एवं अन्य नवीकरणीय उर्जा प्रविधिको विकासलाई प्रोत्साहन गर्ने।
- प्रत्येक प्रदेशमा कम्तीमा एक बहुउद्देश्यीय जल विद्युत आयोजना सञ्चालन गर्ने गरी जल विद्युत आयोजनाहरूको छनौट गर्ने।
- विद्युत उत्पादनमा सबै प्रकारका वित्तीय साधनहरूको परिचालन गरि स्रोत व्यवस्थापन गरिने।

**३.९ बजेटले आर्थिक रूपान्तरणको लागि आधुनिक र गुणस्तरीय यातायात तथा भौतिक पूर्वाधार निर्माण गर्ने रणनीति अघि बढाएको छः**

- **रेलमार्गः** दश वर्षभित्र कम्तिमा दुई हजार किलोमिटर रेल मार्ग निर्माण हुने गरी मेची - महाकाली विद्युतीय रेलमार्ग, वीरगञ्ज-काठमाण्डौ, रसुवागढी-पोखरा-लुम्बिनी रेलमार्ग र स्थान विशेषका मेट्रो तथा मोनोरेलहरूको शुरुवात गरिने। काठमाडौं उपत्यकामा केवलकार, मेट्रोरेल तथा

मोनोरेल सञ्चालन गर्न सम्भाव्यता अध्ययन तथा डिपिआर सम्पन्न गरी निर्माण कार्य अघि बढाइने।

- **जल यातायातः** कोशी, गण्डकी र कर्णाली नदीमा जलमार्ग यातायात सञ्चालनको लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिने।
- **सडक र द्रुतमार्गः** पूर्व–पश्चिम राजमार्ग र उत्तर–दक्षिण राजमार्गहरूको नव निर्माण र स्तरोन्नति बजेटको प्राथमिकतामा रहेको। सबै प्रदेश राजधानीलाई कम्तिमा एक अन्तर्राष्ट्रिय व्यापारिक नाकासँग जोड्न यातायात पूर्वाधारको विकास, प्रदेश राजधानीमा रिङ्ग रोडको व्यवस्था, अन्तरप्रदेशीय राजमार्गको निर्माण, चुरे तथा भित्री मधेशका उपत्यकाहरूलाई कृषि, औद्योगिक तथा व्यवसायिक कोरिडोरको रूपमा विकास गर्न यातायात पूर्वाधारको विकासमा जोड, दक्षिणी सीमानासँग जोडिएका जिल्लाहरुका सदरमुकामलाई पूर्व पश्चिम राजमार्गमा जोड्न बजेटले प्राथमिकता दिएको।
- **झोलुङ्गेपुलः** तुइन हटाउने अभियानलाई सार्थक बनाउन झोलुङ्गेपुलमा पर्याप्त बजेट व्यवस्था गरिएको।
- **विमानस्थलः** सबै प्रदेशहरूमा अन्तर्राष्ट्रिय विमानस्थल हुने गरी हवाईस्थल निर्माणकार्य अघि बढाइएको। चालू आर्थिक वर्षमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य प्रारम्भ गरिने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अघि बढाउने र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न गर्ने। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई चापलाई

व्यवस्थित गर्न काभ्रेपलाञ्चोकमा वैकल्पिक आन्तरिक विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइने।

- **सिंचाइः** पाँच वर्ष भित्र सबै सिंचाइ योग्य जमिनमा सिंचाइ सुविधा पुऱ्याउने गरी निर्माणाधीन आयोजनाहरू सम्पन्न गर्न र नयाँ आयोजनाहरू शुरु गर्न लागिएको। प्रदेश तथा स्थानीय तहसँगको लागत सहभागितामा साना सिंचाइ, टार सिँचाइ, स्यालो ट्युवेल लगायतका साना तथा मझौला आयोजनाहरू सञ्चालनलाई प्रोत्साहन दिइएको। नयाँ प्रविधिको सौर्य उर्जामा आधारित सिँचाइलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिएको। ठूला नदीहरूको नियन्त्रण गर्दै जनधनको सुरक्षा गर्न सञ्चालित जनताको तटबन्ध कार्यक्रमलाई तिव्रताको साथ अघि बढाइएको।
- **सहरी विकासः** सम्भाव्यताका आधारमा सहरहरूलाई मेगा सिटी, हरित सहर र स्मार्ट सिटीको रूपमा विकास गर्न बजेटले प्राथमिकता दिएको। सहरी सौन्दर्यता र ढल तथा फोहोर व्यवस्थापनलाई बजेटको प्राथमिकतामा रहेको। सघन शहरी विकास कार्यक्रम अन्तर्गत तराईका २१ स्थानहरूमा सघन शहरहरुको निर्माणलाई तिव्रता दिइएको।

## ३.१० वजेट मार्फत हामीले कृषि क्षेत्रको रूपान्तरणबाट गरिवी र खाद्यान्नमा परनिर्भरता अन्त्य गर्दै कृषकको जीवनस्तरमा गुणस्तरीय सुधार गर्न लागेका छौंः

- दुई वर्ष भित्र आधारभूत खाद्यान्नमा आत्मनिर्भर र पाँच वर्ष भित्र कृषि उत्पादन दोब्बर बनाई कृषि सबल अर्थतन्त्रको

आधार निर्माण गर्न कृषिको व्यवसायिकरण, यान्त्रिकरण र मूल्य श्रृङ्खला विस्तारमा जोड दिइने।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको दायरा विस्तार गरी बीऊ र बिरुवामा अनुदान, अर्गानिक खेतीको बिस्तार, माटो परीक्षण, कृषि उत्पादनमा विविधिकरण, करार खेती, कृषि फार्म स्थापनामा प्रोत्साहन र तोकिएका कृषि उपजको मूल्य अभिवृद्धिको लागि पकेट क्षेत्र निर्धारण गरिने।
- उत्पादन अभिवृद्धिलाई प्रोत्साहित गर्न कम्तिमा १० प्रतिशत उत्पादकत्व वृद्धि गर्ने किसानलाई प्रति हेक्टर रू.१० हजारसम्म नगद प्रोत्साहन दिइने।
- कृषकहरूको क्षमता बिस्तारको लागि कृषि तथा पशुपन्छी सम्बन्धी प्राविधिक ज्ञान सीप प्रदान गर्न ७ वटै प्रदेशमा कृषक पाठशाला र ५१ स्थानमा कृषि ज्ञान केन्द्र स्थापना गरिने।
- भूउपयोग नीतिको तर्जुमा, कृषि ऋणमा सहजता र व्याजमा अनुदान, कृषि बीमाको व्यवस्था, कृषकलाई कृषि सूचना सम्प्रेषण, बाली लगाउनु पूर्व नै धान, गहुँ र मकैको समर्थन मूल्य निर्धारण, कृषि बजार र कृषि पर्यटनको विकासलाई एकीकृत रूपमा अघि बढाइने।
- चुरे भावर लगायत मुलुकका अन्नबाली कम हुने क्षेत्रमा फलफूलको पकेट क्षेत्र निर्धारण गरी फलफूल नर्सरीको

स्थापना, बिरुवा वितरण र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने।

- मध्यपहाडी र उच्चपहाडी क्षेत्रमा खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारको रूपमा कोदो, जौ, उवा, फापर, चितो, कागुनो, लट्टे आदि स्थानीय वालीहरूको प्रवर्द्धनका लागि रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने। बाँके, बर्दिया र दाङ्गमा कपास खेती प्रवर्द्धन गरिने।
- उत्पादनमा हुने जोखिम सम्बोधन गर्न कृषि तथा पशुपन्छी बीमा विस्तार गर्ने।
- प्रदेशसँगको लागत सहभागितामा कृषकलाई मौरीगोलाको घार वितरण गरिने।
- विदेशमा कृषि सम्बन्धी ज्ञान, सीप र पूँजी सहित फर्केका युवाहरूलाई व्यवसायिक कृषि क्षेत्रमा आवद्ध गर्न कृषिमा युवा विशेष कार्यक्रम सञ्चालन गरिने।
- सहकारी संस्था मार्फत कृषिजन्य प्रशोधन उद्योगहरुको स्थापना र सञ्चालन गरिने।
- सात वटै प्रदेशमा एकीकृत सामुदायिक नमुना कृषि फर्मको स्थापना गरिने। सात वटै प्रदेशमा ताजा तरकारी उत्पादन कार्यक्रम र प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिने।
- मत्स्य उत्पादन वृद्धि गर्न मत्स्य पोखरी निर्माण, सिँचाइ सुविधा विस्तारका लागि १०६० स्यालो ट्युबवेल र ११ वटा डिप ट्युबवेल निर्माण गरिने।

- निजी कम्पनीसँगको साझेदारीमा १३ शीतघर निर्माण गरिने तथा त्यस्तो शीतघर सञ्चालन गर्दा भुक्तानी गर्नुपर्ने विद्युत महशुलको ५० प्रतिशत अनुदान दिइने।
- काठमाडौंको चोभारमा निर्माणाधीन फलफूल थोक बजार र झापाको दमकमा प्रदेश स्तरको पशुपन्छी थोक बजार निर्माण यसै आर्थिक वर्षमा सम्पन्न गरिने।
- कृषि सामाग्रीको आपूर्ति सहज गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा रासायनिक मल, प्राङ्गारिक मल, कीटनाशक विषादी तथा कृषि औजार कारखाना स्थापना गरिने।
- विगतमा गरिएको गरिवी सर्वेक्षणको नतिजा अनुसार चालु वर्षमा २६ जिल्लाका गरीब घर परिवारलाई राज्य सुरक्षा परिचय पत्र वितरण गरिने।
- आगामी दुई वर्ष भित्रमा सम्पूर्ण कृषि जमिनको अभिलेख र जग्गा धनीपूर्जा विद्युतीय रुपमा बनाइने। आधुनिक प्रविधिको उपयोगबाट भू-नापी कार्य अघि बढाइने।
- यसै आर्थिक वर्षमा अन्तर्राष्ट्रिय किसान सम्मेलन आयोजना गरिने।

### ३.११ बन क्षेत्रको बिस्तार, संरक्षण र उपयोग मार्फत रोजगारी सृजनामा बजेटले विशेष जोड दिएको छः

- वन क्षेत्रको विस्तारका लागि बिरुवा उत्पादन र वृक्षारोपण गरी बाँझो, पर्ति, नदी किनार र खस्किँदो जमिनमा वृक्षारोपण गर्ने नीति अनुरूप यो आर्थिक वर्ष ४ लाख विभिन्न

प्रजातिका बिरुवा, १ हजार हेक्टर जमिनमा वृक्षारोपण गर्ने।

- तीनै तहका सरकार र निजी क्षेत्र समेतको सहकार्यमा ४३ लाख ६० हजार जडिबुटी बिरुवा उत्पादन तथा खेती विस्तार, ५ हजार हेक्टर क्षेत्रमा कृषि वन बिस्तार गर्ने।
- उच्च मूल्यका स्थानीय वातावरण अनुकुलका वन, फलफूल, जडिबुटी तथा कृषिजन्य पैदावारहरूको खेती बिस्तार, मूल्य अभिवृद्धि र बजारीकरणलाई प्रोत्साहन गर्ने नीति अनुरूप यो वर्ष रुद्राक्ष, श्रीखण्ड र वोधिचित्तको फिल्ड र नर्सरी स्थापना, एक हजार जडिबुटीको सारतत्त्व विश्लेषण, प्रमाणीकरण र सिफारिस, उत्पादित बस्तुको बजारीकरण तथा व्यावसायिक उत्पादनको लागि प्रविधि हस्तान्तरण गरिने।
- सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा स्थानीय कच्चा पदार्थ उपयोग गरी २५ टन सुगन्धित तेल तथा ५० लाख गोटा हर्वल केयर उत्पादन गरिने।
- जडिबुटीजन्य वन पैदावारको गुणस्तरीयता कायम राख्दै मूल्यश्रृङ्खला वृद्धि गर्न अत्याधुनिक वनस्पति प्रयोगशाला निर्माण गर्नुको साथै ५९ स्थानमा जडिबुटी भण्डारण तथा प्रशोधन उद्योग स्थापना गरिने।
- नेपाल टिम्बर कर्पोरेसन मार्फत चितवनमा वन पैदावारमा आधारित उद्योग स्थापना गरी १ लाख क्यू. फिट चिरान काठको सिजनिङ र ट्रिटमेन्ट तथा ७ लाख क्यू. फिट गोलिया काठ चिरान गरिने।

- भुकम्प पीडित तथा पुरातात्विक सम्पदाको लागि २ लाख ३५ हजार क्यू. फिट चिरान काठ आपूर्ति गरिने।
- यो आर्थिक वर्ष साझेदारी, सामुदायिक र चक्ला वन क्षेत्रका १ लाख ५० हजार हेक्टर जमिनमा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्दै ६० लाख क्यु.फिट काठ दाउरा सङ्कलन गरिने।
- वन व्यवस्थापन योजनाहरूको रुख कटान, उपयोग, पुनरूत्पादन र संरक्षण कार्य प्रभावकारी बनाइने।

### ३.१२ वातावरणीय सन्तुलन कायम गर्न डढेलो, भूक्षय र नदी नियन्त्रण तथा सरसफाइमा जोड दिइएको छः

- मानव-वन्यजन्तु बीच द्वन्द न्यूनीकरण गर्दै जैविक विविधताको संरक्षण र व्यवस्थापन मार्फत पर्यापर्यटनमा टेवा पुऱ्याउन डढेलो नियन्त्रण, सीमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन, सङ्कटापन्न र लोपोन्मुख बन्यजन्तु तथा वनस्पतिजन्य प्रजातिको संरक्षण, वन्यजन्तु तथा वनस्पतिको चोरी शिकार नियन्त्रणका लागि स्वीप अपरेसन सञ्चालन गरिने।
- वन्यजन्तु संरक्षण तथा वन डढेलो नियन्त्रणलाई सहजीकरण गर्न पाँचसय भन्दा बढी पानी पोखरी निर्माण गरिने।
- पर्सा राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलाई प्राकृतिक चिडियाखानाको रूपमा विकास गर्ने।
- प्रदेश र स्थानीय तहसँगको सहकार्यमा राष्ट्रपति-चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई गल्छी, पहिरो तथा खहरे

नियन्त्रण तथा कृषि वन प्रणालीको प्रवर्द्धन तथा विस्तार गरिने।

- भूक्षय नियन्त्रण, नदी मुहान तथा किनारा संरक्षण गरिने, सडक दायाबायाँ वृक्षारोपण र हरियाली प्रवर्द्धन, काठमाडौं उपत्यका र मेलम्ची खानेपानीको जलाधार संरक्षण गरिने।
- स्वच्छ पानीको श्रोतको रूपमा रहेका हिमाल तथा हिमतालहरूको संरक्षण गरिने, सगरमाथा र अन्य उच्च हिमशिखर तथा आसपासका क्षेत्रहरूको सरसफाइमा विशेष ध्यान दिइने।
- मुलुकका मुख्य मुख्य शहरलाई हरित शहरको रूपमा विकास गर्ने उद्देश्य अनुरूप ७ प्रदेशका १५० स्थानमा वृक्षारोपण सहित उद्यान विकास गरिने।
- जलवायु परिवर्तनका कारण सिर्जित समस्यालाई न्यूनिकरण गर्न ३४० स्थानीय स्तरका अनुकुलन योजना, राष्ट्रिय कार्वन उत्पादनको मापन संयन्त्र स्थापना, उद्योगहरूबाट उत्सर्जित वायु प्रदुषण डिस्पर्सन मोडलिङ्ग तथा नियन्त्रण सम्बन्धी अध्ययन तथा डडेलधुरा, धनकुटा र रुकुममा वायु गुणस्तर मापन केन्द्र स्थापना गरिने।

### ३.१३ दुई वर्षभित्र कम्तिमा एक दर्जन औद्योगिक वस्तुहरूमा आत्मनिर्भर हुने गरी उद्योगहरूको विकासमा सरकारी खर्च र कर प्रणालीबाट सम्बोधन गरिएको छः

- कृषिजन्य उद्योग, दाना उद्योग र शीत भण्डार निर्माणमा अनुदानको व्यवस्था गरिएको।

- कृषि, वन, खानीजन्य तथा अन्य परम्परागत औद्योगिक उत्पादनको निकासीमा ५ प्रतिशतसम्म निकासी अनुदानको व्यवस्था गरिएको।
- स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगहरूले तिर्नुपर्ने आयकरमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको।
- लघु उद्यम व्यवसाय सञ्चालनमा शुरुको पाँच वर्षसम्म आयकर पूर्ण रूपमा छुट दिनुको साथै महिला उद्यमीबाट सञ्चालन भएका लघु उद्यमको लागि थप २ वर्ष आयकर छुटको व्यवस्था गरिएको।
- सबै प्रदेशहरूमा कम्तिमा एक आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको विकासमा जोड, प्रत्येक स्थानीय तहमा उद्योग ग्रामको स्थापना गरिने।
- एक सय वा सो भन्दा बढी नेपाली नागरिकलाई बर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो बर्षमा लाग्ने आयमा १० प्रतिशत, तीन सय वा सो भन्दा बढी नेपाली नागरिकलाई बर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो बर्षको आयमा लाग्ने करको २० प्रतिशत, पाँच सय वा सो भन्दा बढी नेपाली नागरिकलाई बर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो बर्षको आयमा लाग्ने करको २५ प्रतिशत, एक हजार वा सो भन्दा बढी नेपाली नागरिकलाई बर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो बर्षको आयमा लाग्ने करको ३० प्रतिशत छुट दिने।

**३.१४ बजेटले आगामी दुई वर्षमा २० लाख पर्यटक भित्र्याउने गरी पर्यटन क्षेत्रको पूर्वाधार विकास र गुणस्तर अभिवृद्धिमा जोड दिएको छः**

- प्रदेश र स्थानीय तहसँगको साझेदारीमा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न कम्तिमा सय वटा नयाँ पर्यटकीय गन्तव्य स्थल पहिचान गरी विकास तथा प्रवर्द्धन गर्ने।
- विमानस्थलहरूको क्षमता बृद्धि एवं नवनिर्माण गर्ने।
- गुणस्तरीय पर्यटक प्रवर्द्धन गर्न पर्यटन सेवामा विविधीकरण र होटल तथा रिसोर्टहरूमा लगानी प्रोत्साहित गरिएको।
- नेपाललाई माइस टुरिजम केन्द्रको रूपमा विकास गर्न आवश्यक पूर्वाधार विकास गर्ने।
- पर्यटन क्षेत्रको सूचना प्रणालीमा सुधार, वित्तीय पक्षलाई स्याटलाइट लेखा प्रणालीमा आवद्ध, पर्यटकहरूको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था गरिने।
- पर्यटनको प्रचार-प्रसार तथा बजारीकरण लगायत पर्यटन क्षेत्रको विकासको लागि एकीकृत कार्यक्रम ल्याइएको।
- पर्यटन विश्वविद्यालय स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने।

**३.१५ यो आर्थिक वर्ष ८ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्दै वृहत आर्थिक आधारशीला निर्माणमा बजेटलाई केन्द्रित गरिएको छः**

- कृषि क्षेत्रको विकासको लागि भूमिको प्रभावकारी उपयोगदेखि कृषि सामाग्रीको उपलब्धता, खेतीयोग्य जमिनमा

सिँचाइ सुविधा, प्राविधिकको व्यवस्था, कृषकलाई सहुलियतपूर्ण ऋण तथा अनुदान, शीत भण्डारको व्यवस्था, बजारीकरण, कृषि सूचना, बजार पूर्वाधारको विकास, प्रमुख बालीहरुमा समर्थन मूल्यको निर्धारणसम्मको सुधार प्रक्रिया एकिकृत रुपमा अघि बढाइएको।

- सहकारी संस्था मार्फत कृषिको व्यवसायीकरण र साना तथा घरेलु उद्योगको विकासलाई विशेष प्रोत्साहित गरिएको।
- स्वदेशी उद्योगहरूलाई संरक्षण गर्न नेपालमा उत्पादन भएका सम्भाव्य बस्तुहरूको आयातमा भन्सार महशुल र अन्तःशुल्क वृद्धि तथा निश्चित रोजगारी सिर्जना गर्ने उद्योगहरूलाई कर सहुलियतको व्यवस्था मिलाइएको।
- जलविद्युत, सडक, द्रुतमार्ग, विद्युतीय रेल, जल यातायात, सिँचाइ, आधुनिक शहरी विकास, औद्योगिक क्षेत्र लगायतका भौतिक पूर्वाधार निर्माणमा बजेट रणनैतिक रूपमा अघि बढाइएको।
- बन र पर्यटन क्षेत्रको विकास, सम्बर्द्धन र उपयोगबाट रोजगारी तथा आय आर्जनका महत्वपूर्ण स्रोतको रूपमा ती क्षेत्रलाई विकास गर्न लागिएको।
- उच्च दरको आर्थिक वृद्धिको लागि लगानीको आधार फराकिलो बनाउन सरकारी, निजी, सहकारी र विदेशी साझेदारी निकायहरूसँग समन्वय र सहकार्यलाई तिव्रता दिइएको।

- नागरिकलाई काम तथा रोजगारीमा जोड्न उद्यमशीलता, सीप विकास, अनुदान र सहुलियत ऋणको व्यवस्थालाई व्यापक रूपमा अघि बढाइएको।

३.१६ **वजेट मार्फत हामीले कर प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाउने सुरुवात गरेका छौं।** न्यून तथा मध्यम आय भएका व्यक्ति तथा परिवारलाई संरक्षण र बढी आय प्राप्त गर्नेले बढी कर तिर्नु पर्ने व्यवस्था गरिएको छः

- निश्चित आयको छुट पछि आयस्तरको आधारमा १५ प्रतिशत र २५ प्रतिशत आयकर तिर्नु पर्ने व्यवस्था परिवर्तन गरी १०, २० र ३० प्रतिशत गरिएको। यसो हुँदा विगतमा १५ प्रतिशत कर तिर्ने न्यून र मध्यम आय वेतन व्यक्तिहरूले १० प्रतिशत कर तिरे पुग्ने।
- यस बाहेक वार्षिक रू.२० लाख भन्दा बढी अतिरिक्त आम्दानी हुनेले विगतमा अधिकतम ३५ प्रतिशतसम्म आयकर तिर्नु पर्ने व्यवस्था रहेकोमा हाल ३६ प्रतिशतसम्म तिर्नु पर्ने व्यवस्था गरिएको।
- संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन र नागरिकहरूको शिक्षामा सहज पहुँच स्थापित गर्ने उद्देश्यले निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाहरूले लिने १ प्रतिशत शिक्षा सेवा शुल्क खारेज गरिएको।
- नीजि क्षेत्रका स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने स्वास्थ्य सेवाको उपभोगमा कायम रहेको स्वास्थ्य सेवा कर र

त्यस्ता संस्थाहरूले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज गरिएको छ।

### ३.१७ आम उपभोक्ताहरूलाई संरक्षण गर्दै स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वस्तुहरूमा मात्र कर बढाईएको छः

**आम उपभोक्ताहरूलाई संरक्षण गर्ने उद्देश्यले आधारभूत उपभोग्य वस्तु तथा सेवाको उपभोगमा लाग्ने मूल्य अभिवृद्धि कर र संस्थागत आयकरका दरहरू यथावत राखिएको।**

- स्वास्थ्यमा हानिकारक वस्तुहरू जस्तै मदिरा, चुरोट, बिंडी, सिगार, सूर्ती खैनी, गुट्खा जस्ता वस्तुहरूमा मात्र कर बढाइएको।
- न्यून आय भएका तथा आम उपभोक्ताहरूलाई संरक्षण गर्ने उद्देश्यले एक हजार सि.सि. भन्दा बढीका चार पाङ्ग्रे सवारी साधन र एक सय पचास सि.सि. भन्दा बढी क्षमताका मोटरसाइकलको आयातमा मात्र अन्तःशुल्क बढाइएको।
- मूल्य अभिवृद्धि करको सिद्धान्त विपरित बिक्रीको आधारमा प्रदान गरिदैं आएको मूल्य अभिवृद्धि कर फिर्ताका कारण वार्षिक करिव रू.६ अर्ब राजस्व गुमेको अवस्थालाई अन्त्य गर्न उत्पादक बिक्रेता र पैठारीकर्ताले कर फिर्ता पाउने व्यवस्था हटाइएको।

•••

## प्रश्न ४. बजेटबाट कसले के पाएका छन् ?

### ४.१ <u>कृषकले</u> कृषि सामाग्रीको उपयोगदेखि कृषि उत्पादनको बजारीकरण र प्रशोधन कार्यसम्म सरकारी अनुदान तथा सहुलियत पाएका छन् :

- चिया, कफी, अलैंची, सुपारी, आलु, केरा तथा कागतीको उन्नत विउ र बिरूवा उत्पादनमा अनुदान।
- "कृषि ज्ञान केन्द्र" मार्फत कृषकलाई कृषि र पशुपन्छी सम्बन्धी प्राविधिक ज्ञान र सीप।
- कृषि उत्पादनलाई चाहिने मल, बीऊ, विषादी, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरू।
- पाँच प्रतिशत ब्याज अनुदानमा कृषि कर्जा र कृषि बीमाको प्रिमियममा ७५ प्रतिशत अनुदान।
- उखु उत्पादक किसानहरूले उत्पादनको आधारमा अनुदान।
- सहकारी मार्फत् रेशम, कपास र ऊन खेतिको उत्पादन तथा प्रशोधन कारखाना स्थापना र मेसिनरी खरिदमा अनुदान।
- सहकारी संस्था मार्फत् सञ्चालन हुने दूध, मासु, फलफूल तथा तरकारीजन्य प्रशोधन उद्योग स्थापनामा पूँजीगत अनुदान।
- धान, गहुँ, उखु लगायतका कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने व्यवस्था।

**४.२ <u>उद्योगी र व्यवसायीले</u> उद्योग र व्यापार क्षेत्रको विकास तथा बिस्तार गर्ने अवसर पाएका छन् :**

- उत्पादन र पर्यटनमूलक उद्योगबाट आर्जित सञ्चित मुनाफा पुनः लगानी गरेमा लाभांश कर छुट।
- उद्योगहरूलाई रोजगारी संख्याको आधारमा आयकरमा विशेष छुट।
- कम्तिमा एक दर्जन वस्तुहरूलाई औद्योगिक संरक्षण।
- जुट, गलैंचा, तयारी पोशाक, पश्मिना, रेशम र कपासमा आधारित उद्योग, हस्तकला लगायतका निर्यातजन्य उद्योगलाई निकासी, अनुदान र आयकरमा सहुलियत।

**४.३ <u>बालवालिकाले</u> शारिरीक तथा मानसिक विकासको लागि गर्भावस्थादेखि नै स्वास्थ्य परीक्षण, स्याहार तथा पौष्टिक आहारमा अनुदान पाएका छन्:**

- शिशुलाई पौष्टिक आहारको लागि नगद अनुदान।
- मानव विकास सूचकाङ्कमा पछि परेका तराई मधेसका जिल्लाहरूमा समेत बाल वालिकालाई प्रति बालवालिका चार सय रुपैयाँका दरले बाल संरक्षण अनुदान।
- टुहुरा बालबालिका हेरचाह गर्ने संस्थाहरूलाई अनुदान।

**४.४ <u>विद्यार्थीहरुले</u> गुणात्मक शिक्षाको अवसर पाएका छन्:**

- भौगोलिक रूपमा विद्यालयबाट टाढा रहेका प्राविधिक तथा व्यवसायिक विषयका विद्यार्थीहरूको लागि आवासीय शिक्षाको व्यवस्था।

- मानव विकास सूचकाङ्कमा पछि परेका स्थानीय तहमा रहेका सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूलाई पौष्टिक दिवा खाजा।
- दलित तथा लोपोन्मुख समुदायका बालबालिकालाई निःशुल्क उच्च शिक्षा।
- आर्थिक रूपमा विपन्न, सीमान्तीकृत समुदाय तथा लिक्षत वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि ५ प्रतिशत ब्याज अनुदानमा र रू. ५ लाखसम्म शैक्षिक ऋण।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्दै सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट र विज्ञान प्रयोगशालाको स्थापना।
- शिक्षा संकायमा स्नातकोत्तर तह र प्राविधिक क्याम्पसमा स्नातक तह अध्ययन गरिरहेका विद्यार्थीहरूलाई इन्टर्नको अवसर।

## ४.५ युवाहरुले शारिरीक तथा मानसिक विकास गर्ने र रोजगारीको अवसर पाएका छन्:

- प्रत्येक स्थानीय तहमा सम्भाव्यताको आधारमा रंगशाला, खेल मैदान, युवा क्लव तथा विचरण पार्कको स्थापना।
- सबै प्रदेशहरूमा न्यूनतम एक प्रदेश स्तरीय रंगशाला निर्माण।

- रोजगारी प्रत्याभूति कार्यक्रम मार्फत श्रमयोग्य सबै युवाहरुलाई काम र रोजगारीको अवसर। वेरोजगारलाई निश्चित विधि र प्रकृयाको आधारमा क्षतिपूर्ति।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई परियोजनाको धितोमा रू.१० लाखसम्म सहुलीयत ऋण।
- शिक्षित वेरोजगार युवालाई स्वरोजगारीका लागि शैक्षिक प्रमाणपत्रको धितोमा ५ प्रतिशत व्याज अनुदानमा रू.७ लाखसम्म सहुलीयत ऋण।

## ४.६ <u>दलित तथा लोपोन्मुख र पिछडिएका समुदायले</u> आर्थिक तथा सामाजिक उत्थानको लागि विभिन्न सुविधा पाएका छन्:

- दलित समुदायलाई सहकारी तथा सामुदायिक उत्पादन प्रणाली मार्फत आधुनिक व्यवसाय गर्न सामुहिक जमानीमा ५ प्रतिशत व्याज अनुदानमा प्रति समूह रू.१० लाखसम्मको ऋण।
- विपन्न २५ हजार घर परिवारलाई गोवर ग्यास प्लान्ट जडानमा अनुदान।
- पराल वा खरको छाना भएका घर परिवारले जस्तापाताको छानामुनि बस्न पाउने सुविधा।
- तराई-मधेशका मानव विकासको सूचकांकमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहहरूका लागि तराई मधेश समृद्धि कार्यक्रम।
- दुर्गम क्षेत्रमा विशेषज्ञ सहितको घुम्ती अस्पताल सेवा।

### ४.७ फरक क्षमता भएका व्यक्तिले विकास तथा संरक्षणमा सहयोग पाएका छन्:

- अपाङ्गता तथा बालमैत्री विद्यालय र अस्पताल।
- नेपाली साँकेतिक भाषाको विकास तथा अनुसन्धान, दोभासे तालिम।
- बेवारिसे, जोखिमपूर्ण र अव्यवस्थित रूपमा सडकमा जीवन बिताइरहेका असहाय बालबालिका एवम् अन्य नागरिकहरूको समेत उद्धार, व्यवस्थापन र पुनर्स्थापना।
- प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा प्रदायक आवासीय विद्यालयको सञ्चालन।

### ४.८ महिलाले चेतनामुलक शिक्षा तथा जागरण, व्यवसायमा प्रोत्साहन र भेदभाव बिरुद्ध संरक्षण पाएका छन्:

- राष्ट्रपति महिला उत्थान कार्यक्रमको बिस्तार गरी विपन्न र पिछडिएका सबै महिलालाई सीप तथा उद्यमशीलता विकास।
- महिला उद्यमीबाट सञ्चालन हुने परियोजनाको लागि ब्यक्तिगत धितो वा सामूहिक जमानीमा ६ प्रतिशत ब्याज अनुदानमा रू.१५ लाखसम्म ऋण।
- ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको आपत्कालीन उद्धार गर्न एयर एम्बुलेन्स सेवा।

### ४.९ जेष्ठ नागरिकलाई प्रभावकारी संरक्षणको व्यवस्था गरिएको छ:

- सत्तरी वर्ष भन्दा माथिका सबै जेष्ठ नागरिकलाई रू.१ लाख बीमाङ्क रकमको निशुल्क स्वास्थ्य विमा।

- प्रत्येक प्रदेशमा एक जेष्ठ नागरिक आरोग्य आश्रम सञ्चालन।
- बृद्ध-बृद्धालाई राज्यले दिने संरक्षणको अतिरिक्त सन्तानले अनिवार्य हेरचाह गर्नुपर्ने कानूनी व्यवस्था गर्ने।

## ४.१० विपद् प्रभावित घर परिवारले विशेष प्राथमिकता पाएका छन्:

- पून:निर्माण गर्न बाँकी सबै भूकम्प पीडितलाई एक वर्ष भित्रै घर निर्माण गर्न अनुदान व्यवस्था।
- भूमीहिन, घरवारविहीन भएका र गरिबीको रेखामुनी रहेका घरपरिवारहरूले सुरक्षित आवासको निर्माण गर्न प्रति परिवार रू.५० हजारसम्म अनुदान।
- भूकम्प पीडितहरुलाई ५ प्रतिशत व्याज अनुदानमा व्यवसाय तथा आवास कर्जा ।

## ४.११ राष्ट्र सेवक कर्मचारीलाई बजेटले उत्प्रेरित गरेको छः

- राष्ट्रसेवक कर्मचारीहरूलाई थप महंगी भत्ता रू. १ हजार।
- निजामती सेवा, स्वास्थ्य सेवा र सामुदायिक विद्यालयका शिक्षकहरूलाई प्रदान गरिँदै आएको पोशाक सुविधा रू.७ हजार ५ सय बाट वृद्धि गरी रू.१० हजार।
- कर्मचारीको जीवन वीमाको वीमाङ्क वृद्धि गरी रू.१ लाखबाट रू.२ लाख।
- राष्ट्रसेवक कर्मचारीको लागि कर्मचारी सञ्चयकोषबाट कर्मचारी आवास योजना सञ्चालन गर्ने व्यवस्था।

•••

## प्रश्न ५. बजेट कार्यान्वयनको खाका र कार्य तालिका कस्तो छ?

### ५.१ बजेट कार्यान्वयनमा वित्तीय संघीयता कार्यान्वयन, व्यवस्थापन र सहजीकरणलाई उच्च प्राथमिकतामा राखिएको छः

- आर्थिक कार्यविधि ऐनको संसोधन प्रक्रिया अघि बढाइएको।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार प्रदेश र स्थानीय तहलाई राजस्व र रोयल्टीको बाँडफाँट निर्धारित मितिमा गरी हस्तान्तरण गर्ने।
- तीनै तहका सरकारहरूको लागत सहभागितामा आधारित विकास आयोजनाहरूमा बजेट अभाव हुन नदिने।
- प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्न नसक्ने आयोजनाहरूको अपनत्व संघले लिने र ती निकायहरूले सञ्चालन गर्न सक्ने आयोजनाहरू संघबाट हस्तान्तरण गर्ने।
- समपूरक अनुदान र विशेष अनुदानहरूको कार्यविधि २०७५ भाद्र महिनाभित्र तर्जुमा गरी कार्यान्वयनमा ल्याइने।
- संघ र प्रदेशलाई वित्तीय समानीकरण र समपुरक अनुदानको हस्तान्तरण तोकिएको मितिमै गर्ने।
- प्रदेश र स्थानीय तहको खर्च प्रणाली तथा प्रतिवेदनको सुदृढीकरण गरिने।
- प्रदेश र स्थानीय तहको सङ्गठन तथा जनशक्ति व्यवस्थापन कार्य यथाशीघ्र सम्पन्न गर्ने।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गरी तीनै तहका सरकार वीचको वित्तीय सहकार्य, समन्वय र सामञ्जस्यता कायम गरिने।

## ५.२ सार्वजनिक खर्च व्यवस्थापनमा व्यापक सुधार गरी सरकारी खर्चको पारदर्शिता, गुणस्तर अभिवृद्धि र प्रभावकारितामा जोड दिइने छः

- बजेट कार्यान्वयन शिघ्र गर्ने उद्देश्यले मन्त्रालयगत बजेट सूचना प्रणालीबाट प्राप्त हुने कार्यक्रमहरूलाई पुनः स्वीकृति, अख्तियारी र निकासा दिनु नपर्ने व्यवस्था गरिएको।
- ठूला आयोजनाहरूको कार्यान्वयनको अनुगमन गर्न आयोजना कार्यान्वयन निर्देशन समितिको व्यवस्था गरिएको।
- राष्ट्रिय प्राथमिकता प्राप्त र ठूला आयोजनाहरूको नियमित अनुगमन गर्ने व्यवस्था मिलाइएको।
- प्रत्येक महिना माननीय अर्थमन्त्रीको उपस्थितिमा बजेट कार्यान्वयन समीक्षा गर्ने प्रणालीको विकास गरिएको।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयन गर्न छुट्टै ऐनको तर्जुमा गरिने। तेस्रो पक्षबाट आयोजना मूल्याङ्कन गर्ने र काम नगर्ने ठेकदारलाई कारवाही गरिने।
- बजेट कार्यान्वयनमा सम्बन्धित सचिव, विभागीय प्रमुख र आयोजना प्रमुखलाई जिम्मेवार बनाइने।
- रणनीतिक महत्वका ठूला आयोजना, निजी आवास अनुदान, पूनर्निर्माण, खानेपानी र सिँचाइ आयोजना लगायतका

प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयनमा बजेट अभाव हुन नदिने।

## ५.३ सार्वजनिक वित्त प्रणालीको सुधार गरिने छः

- बजेट तर्जुमा दिग्दर्शन र बजेट कार्य सञ्चालन निर्देशिका पुनरावलोकन गरिने।
- सार्वजनिक खर्च पुनरावलोकन आयोग र उच्च स्तरीय तलव आयोग गठन गर्ने।
- सार्वजनिक संस्थानहरूको सवलीकरणको लागि सार्वजनिक संस्थान सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कानूनको मस्यौदा तयार गर्ने।
- आर्थिक गतिविधिमा सङ्कुचन नआउने गरी आन्तरिक ऋण परिचालन गर्ने।
- संघीय आर्थिक कार्यविधि विधेयकको मस्यौदा तयार पार्ने।

## ५.४ राजस्व प्रशासनको सुदृढीकरण गर्दै कर चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइने छः

- चालू आर्थिक वर्षमा केही नयाँ आन्तरिक राजस्व कार्यालयहरूको स्थापना, करदाता सेवा कार्यालय स्थापना तथा पाँच वटा छोटी भन्सार कार्यालयहरुको स्तरन्नोति गरिएको।
- नविनतम प्रविधि उपयोग गरी राजस्व प्रशासनलाई चुस्त र पारदर्शी बनाइने।

- राजस्व असुलीको लक्ष्य निरन्तर अनुगमन गर्ने प्रणालीको विकास गरिएको।
- राजस्व जोखिमका सूचकहरूको आधारमा करदाताहरूको छानविन गर्ने र भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउने कार्यको थालनी गरिएको।
- करदाताहरूको कारोवार सम्बन्धी सूचना सङ्कलन र विश्लेषण गर्ने प्रणालीको विकास गरिने।
- राजस्व अनुसन्धान विभागको क्षमता अभिवृद्धि गरी यसका कार्यलाई अझै प्रभावकारी बनाउने।
- राजस्व चुहावट र अपचलन गर्नेहरूको विरुद्ध शून्य सहनशीलता अपनाउने।

**५.५ निश्चित समयपछि विदेशी सहयोग लिनु नपर्ने गरी हाल त्यस्तो सहयोगलाई मुलुकको विकास प्राथमिकतासँग तादात्म्यता मिलाउन थालिएको छः**

- चालू आर्थिक वर्षमा विदेशी सहयोग प्रतिबद्धताको पूर्ण उपयोग गर्दै आगामी आर्थिक वर्षमा विदेशी सहयोग उल्लेखनीय रूपमा भित्र्याउने लक्ष्य सहित विदेशी साझेदारीहरूसँग वार्ता र समन्वय अघि बढाइएको।
- जलविद्युत, सडक, द्रुतमार्ग, विद्युतीय रेल, सिँचाइ, आधुनिक सहरी विकास, औद्योगिक क्षेत्र लगायतका भौतिक पूर्वाधार निर्माणमा वहुपक्षीय, दुई पक्षीय र निजी लगानी आकर्षित गर्ने रणनीति सहित सरकार अघि बढेको।

- निश्चित रकम भन्दा बढी र प्राथमिकता प्राप्त क्षेत्रमा मात्र विदेशी लगानी परिचालन गर्न संघीय संसदमा विदेशी लगानी सम्बन्धी विधेयक प्रस्तुत गरिने।
- अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरूले सञ्चालन गर्ने कार्यक्रम तीनै तहका सरकारहरुका कार्यक्रमसँग आवद्ध गर्ने व्यवस्था मिलाइने।

## ५.६ सार्वजनिक निकायहरूको सुदृढीकरण तथा सुशासन कायम गरिने छः

- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइने।
- कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन र सोको अनुगमन गर्ने।
- निर्णय प्रक्रिया शीघ्र र पारदर्शी बनाई नतिजा प्रति उत्तरदायी र जिम्मेवार बनाउने।
- आन्तरिक लेखापरीक्षणलाई सुदृढ बनाउने।
- सरकारी भुक्तानी र सरकारी राजस्व विद्युतीय भुक्तानी प्रणाली मार्फत गरिने।
- विद्युतीय अनुगमन प्रणालीको विकास गर्ने।
- मन्त्रालयमा तत्काल समस्या समाधान कक्षको स्थापना गर्ने।
- तोकिएको समयावधिमा ऐन कानूनहरूको तर्जुमा तथा परिमार्जन कार्य सम्पन्न गर्ने।

•••

## प्रश्न ६. अर्थ मन्त्रालयले वित्तीय सुशासन कायम गर्न के गर्दैछ?

### ६.१ सार्वजनिक खर्चको मितव्यीता र प्रभावकारीतामा जोड दिएको छः

- वर्षैभरी बजेट स्वीकृत गर्ने प्रथाको अन्त्य गरिएको।
- राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिलाई क्रियाशील बनाई विकास सम्बन्धी समस्या समाधानमा तीब्रता दिइएको।
- मन्त्रालयका त्रैमासिक लक्ष्यहरुलाई कडाईका साथ लागू गरी वर्षान्तमा खर्चको चाप घटाउने तर्फ लागेको।
- सार्बजनिक संस्थानहरूमाथिको आर्थिक दायित्व कम गरी कार्य प्रभावकारीता बढाउन सार्वजनिक संस्थान सञ्चालन विधेयक तयारी अन्तिम चरणमा रहेको।
- सार्वजनिक खरिद ऐनमा संसोधनको प्रकृया अघि वढाइएको।

### ६.२ राजस्व चुहावट नियन्त्रणलाई उच्च प्राथमिकताका साथ अघि बढाइएको छः

- भन्सार प्रशासनलाई चुस्त र स्वच्छ तुल्याइएको।
- राजस्वको मुख्य स्रोतको रूपमा रहेको मूल्य अभिवृद्धि करको बिलिङ्ग प्रणालीमा सुधार गर्न अन्तिम बिक्री तहसम्म विद्युतीय बील विजक जारी गर्ने प्रणालीको शुरुवात गरिएको।

- व्यवसायीले बैङ्क र आन्तरिक राजस्व कार्यालयमा पेश गरेको वित्तीय विवरणहरू भिडाउने कार्य प्रारम्भ भएको।
- सबै प्रकारको राजस्व विद्युतीय माध्यमबाट असुल गर्ने प्रणाली सुरुवात गरिएको।

## ६.३ बजेट प्रणालीको सुधार कार्य निरन्तर रूपमा अघि बढाइएको छ:

- बजेट, लेखाङ्कन र प्रतिवेदन प्रणालीलाई संघीय वित्त ब्यवस्था अनुरूप व्यवस्थित गर्न संघीय आर्थिक कार्यविधि विधेयकको मस्यौदा तयार गरिएको।
- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्न यस सम्बन्धी नीतिगत मार्गदर्शन जारी गरिएको।
- खर्च गर्ने निकायहरुको वित्तीय उत्तरदायित्व कायम गर्ने कानूनी प्रकृया अघि वढाइएको।
- अन्तरसरकारी वित्त व्यवस्थापन, खर्च प्रणाली र आयोजना/कार्यक्रम कार्यान्वयनमा शीघ्रता र प्रभावकारिता अभिबृद्धिको लागि सुझाब पेश गर्न सार्बजनिक खर्च पुनरावलोकन आयोग गठन गरिएको।
- अन्तर्राष्ट्रिय रूपमा प्रचलनमा रहेको सरकारी वित्तीय तथ्याङ्क २०१४ सँग मेल खाने गरी बजेट वर्गीकरण तथा लेखाङ्कनका ढाँचाहरूमा परिवर्तन गर्ने गरी आवश्यक कार्य थालिएको।

## ६.४ वित्तीय संघीयतालाई प्रभावकारी बनाउन तीनै तहका सरकारहरुको वित्तीय सुशासनमा जोड दिइएको छ:

- संघ, प्रदेश र स्थानीय तहको वित्त प्रणालीलाई एक आपसमा आवद्ध गर्ने गरी प्रदेशको बजेट निकासा प्रणालीलाई एकल खाता कोष प्रणालीको माध्यमबाट सञ्चालन गर्ने ब्यवस्था मिलाइएको।
- तीनै तहका सरकारहरुको वित्त व्यवस्थालाई विद्युतीय प्रणालीमा आवद्ध हुने गरी सञ्चालन गर्न र समयमै प्रतिवेदन प्राप्तिको ब्यवस्था मिलाउने कार्यारम्भ गरिएको।
- समपूरक अनुदान र विशेष अनुदानको कार्यविधि बनाई त्यस्ता अनुदानहरुलाई उद्देश्यमुलक र प्रभावकारी बनाउन थालिएको।

●●●

## प्रश्न ७. प्रदेश र स्थानीय तहका कर सम्बन्धमा चलेको चर्चा के हो?

### ७.१ संविधान र संघीय कानूनहरूमा तीनै तहका सरकारहरूको राजस्व परिचालन क्षेत्राधिकारको स्पष्ट व्यवस्था छः

- संघको एकल अधिकारसूचिमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क रहेको।
- प्रदेशको एकल अधिकारमा कृषि आयकर रहेको।
- स्थानीय तहको एकल अधिकारसूचिमा रहेका सम्पत्ति कर, घरवहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क र भूमि कर (मालपोत) रहेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाँउपालिका र नगरपालिकालाई व्यवसाय, वहाल विटौरी शुल्क, पार्किङ, जडिबुटी, कवाडी र जीवजन्तुमा कर उठाउन पाउने ब्यवस्था गरेको।
- प्रदेश र स्थानीय तह दुबैको अधिकारमा सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर र विज्ञापन कर रहेको।

### ७.२ संविधान र संघीय कानूनहरूमा प्रदेश र स्थानीय तहहरुले राजस्व संकलन गर्ने र संकलित राजस्वको बाँडफाँट गर्ने सम्बन्धि स्पष्ट व्यवस्था छः

- सवारी साधन करको दर निर्धारण र सङ्कलन दुबै प्रदेशले गर्ने व्यवस्था रहेको।

- घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरञ्जन करको दर निर्धारण प्रदेशले र संकलन सम्बन्धित गाउँपालिका र नगरपालिकाले गर्ने।
- विज्ञापन करको दर निर्धारण र सङ्कलन दुबै स्थानीय तहले गर्ने।
- ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर जस्ता प्राकृतिक स्रोतमा कर निर्धारण प्रदेशले गर्ने तथा संकलन गाँउपालिका र नगरपालिकाले गर्ने।
- पर्यटन शुल्क, सेवा शुल्क र दण्ड जरिवाना उठाउने अधिकार तीनै तहका सरकारहरुमा रहेको।
- पर्यटन शुल्कको हकमा स्थानीय तहले उद्यान, पार्क, चिडियाखाना जस्ता सम्पदा उपयोग, प्रदेशले पदयात्रा तथा पर्यटन शुल्क र संघले पर्वतारोहण शुल्क, राष्ट्रिय निकुन्ज, बन्यजन्तु आरक्षण तथा संरक्षण कर असुल गर्ने।

## ७.३ साझा अधिकार क्षेत्रभित्र रहेका करहरूको बाँडफाँटको व्यवस्था देहाय बमोजिम रहेको छः

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वाट कुनै कर कुनै एक विन्दूबाट मात्र उठाउने एकल कर प्रशासनको व्यवस्था भएको।
- आन्तरिक उत्पादनको अन्तःशुल्क र मूल्य अभिवृद्धि करमध्ये संघलाई ७० प्रतिशत, प्रदेशलाई १५ प्रतिशत र स्थानीय तहलाई १५ प्रतिशत उपलब्ध हुने।

- प्राकृतिक स्रोतबाट उठेको रोयल्टी बाँडफाँटमा संघले ५० प्रतिशत, प्रदेशले २५ प्रतिशत र स्थानीय तहले २५ प्रतिशत पाउने।
- घर जग्गा रजिष्ट्रेशन कर, विज्ञापन कर र मनोरञ्जन कर ४० प्रतिशत प्रदेशले र ६० प्रतिशत स्थानीय तहले पाउने।
- सवारी साधन कर ६० प्रतिशत प्रदेशले र ४० प्रतिशत स्थानीय तहले पाउने।
- ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर जस्ता प्राकृतिक स्रोतमा उठेको करको बाँडफाँट प्रदेश कानून बमोजिम हुने।

## ७.४ अहिलेको करको दायरा विगतमा भन्दा फरक भएकोले कर व्यवस्थामा केही द्विविधा उत्पन्न भएको छः

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार मालपोत तथा घर जग्गा कर, सम्पत्ति कर, बहाल कर, बहाल बिटौरी कर, आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिए बमोजिमको कर, मनोरञ्जन कर, व्यावसायिक भिडियो कर, पार्किङ शुल्क तथा दस्तुर, हाट बजार पसल कर, प्राकृतिक स्रोत उपयोग करको व्यवस्था रहेको।
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा सेवा शुल्क अहिलेको भन्दा निकै फराकिलो रहेको। खानेपानी, बिजुली, धारा, सार्वजनिक टेलिफोन, फोहर मैला व्यवस्थापन, सरसफाइ, ढल निकास पर्यटकीय क्षेत्र प्रवेश, शौचालय,

पार्क, स्नानगृह, स्विमिङपुल, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, होष्टेल, हाट बजार, पशु बध शाला, शव दाह व्यवस्था, धोवी घाट र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत सेवा शुल्कको व्यवस्था रहेको।

- विगतमा व्यावसायिक कृषि बाहेक अन्य कृषि आय मुक्त रहेकोमा हाल कृषि आयमा प्रदेशहरुले कर लगाउन पाउने संवैधानिक व्यवस्था रहेको।
- कतिपय प्रदेश र स्थानीय तहहरूको आर्थिक ऐनमा (क) निकासी शुल्क (ख) प्रदेश विकास शुल्क (ग) प्रदेश शुल्क (घ) पेट्रोलियम शुल्क (ङ) प्रदुषण शुल्क (च) सिमेण्ट तथा क्लिङ्कर शुल्क जस्ता नयाँ करहरूको करारोपण गरेको। यी करहरु वारे थप स्पष्ट कानूनी व्यवस्था हुनु पर्ने।
- संविधानको धारा २३६ र अनुसूची ६ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संग मेल नखाने गरी केही प्रदेश तथा स्थानीय तहहरूले लगाएका करहरू असुल नगर्न अर्थ मन्त्रालयबाट परिपत्र भई त्यो सुधार भइसकेको।

## ७.५ प्रदेश तथा स्थानीय तहका कर विवादमा संघले सहजीकरण गरिरहेको छः

- प्रदेश र स्थानीय तहको कर सम्बन्धी क्षमता विकास गर्ने संघको प्राथमिकतामा रहेको।
- कतिपय स्थानीय तहहरूले लगाएका करहरु संघको सुझाव अनुसार खारेज गरिएको।

- प्रदेश र स्थानीय तहहरूमा कर सम्बन्धी देखिएका अन्यौलता, अस्ष्टता र दोहोरोपनाको अवस्था समेतको विश्लेषण गर्न नेपाल सरकारले तीन सदस्यीय समिति बनाएको। समितिको सुझाव अनुसार कर सम्बन्धी विवाद समाधान गरिने।
- तीनै तहका सरकारहरूको वित्त व्यवस्थापनमा समन्वय गर्न गठित अन्तर सरकारी वित्त परिषद मार्फत पनि कर सम्बन्धी बाँकी रहेका बिषयहरुमा समाधान खोजिने।
- मौजुदा कानून र करका सिद्धान्तहरुको पूर्ण परिपालना गर्ने। कानून विपरीत कुनै कर लगाइएको भए सो को खारेज गरिने।
- संविधानको धारा २३६ ले अन्तर प्रदेश र स्थानीय तहमा हुने व्यापारमा कुनै कर लगाउन नपाइने वा कुनै अवरोध गर्न नपाइने व्यवस्था रहेकोले यस्तो करको व्यवस्था भएमा खारेज गर्ने।
- दोहोरो परेका करहरूको एकल प्रशासन गर्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ र नमुना कानुन मार्फत स्पष्ट रहेकोले सो को पूर्ण परिपालना गर्ने।

●●●

## प्रश्न ८. घोषणा पत्र कार्यान्वयन गर्न नेपाल सरकारको आगामी नीति तथा कार्यक्रम र बजेट कस्तो होला?

### ८.१ भौतिक पूर्वाधारको विकासमा मुलुकले फड्को मार्ने गरी वर्तमान बजेटको कार्यान्वयन र भावी बजेटको रणनीति बनाइने छः

- चालू आर्थिक वर्षमा करिव १३ सय किलोमिटर रेलमार्गको विस्तृत अध्ययन कार्य सम्पन्न गर्दै १० वर्ष भित्र कम्तिमा दुई हजार किलोमिटर रेलमार्ग निर्माण हुने गरी विभिन्न आयोजनाहरू सञ्चालन गरिने। यस सम्वन्धी सहायता वा वित्तीय व्यवस्थापन यसै वर्ष गरिसक्ने।
- पाँचवर्ष भित्र पूर्व पश्चिम र उत्तर दक्षिण लोकमार्गहरूको स्तरोन्नति सहितको नवनिर्माण कार्य सम्पन्न गरिने।
- सबै प्रदेशहरूलाई कम्तिमा एक अन्तर्राष्ट्रिय व्यापारिक नाकासम्म जोड्ने, स्थानीय तहको सदरमुकामसम्म कालोपत्रे सडकले जोड्ने, सबै प्रदेशहरूक राजधानीलाई ४ लेन सडकले जोडने, काठमाण्डौ निजगढ द्रुतमार्ग निर्माण हुने।
- सबै प्रदेशहरूमा कम्तिमा एक अन्तर्राष्ट्रिय स्तरको विमानस्थल, प्रत्येक स्थानीय तहमा हेलिप्याड र आन्तरिक विमान स्थलहरुको विस्तार तथा स्तरोन्नतिको व्यवस्था गरिने।
- ग्रामीण क्षेत्रमा निर्माण भएका सबै सडकहरूको स्तरोन्नती गरी कम्तिमा कृषि सडकको रूपमा रूपान्तरण गरिने।

- पाँच वर्ष भित्र सबै खेतीयोग्य जमिनमा सिँचाइ, नदी नियन्त्रण तथा जल यातायातको विकास गर्न चालू आर्थिक वर्षका आयोजनाहरूको तीव्र कार्यान्वयन र नयाँ आयोजनाहरूको सुरुवात गरिने।
- पाँच वर्ष भित्र ५ हजार मेगावाट जलविद्युत उत्पादन, दश वर्ष भित्र १५ हजार मेगावाट जलविद्युत उत्पादन हुने गरी जलविद्युत निर्माण कार्य अघि बढाइने।
- दुई वर्ष भित्र शुद्ध खानेपानी उपलब्ध हुने गरी हाल सञ्चालनमा रहेका आयोजनाहरूको तीव्र कार्यान्वयन र नयाँ आयोजनाहरू सञ्चालनमा ल्याइने।
- आगामी दुई वर्षमा २० लाख र १० वर्षमा ५० लाख पर्यटक भित्र्याउन विमानस्थलको निर्माण र स्तरोन्नतिको साथै पर्यटन क्षेत्रको विकासलाई एकीकृत रूपमा अघि बढाइने।
- वर्तमान बजेटको कार्यान्वयन र आगामी वर्षहरूमा यसको निरन्तरताले प्रत्येक प्रदेशमा कम्तिमा एक आर्थिक क्षेत्र, एक औद्योगिक क्षेत्र, एक विशेष आर्थिक क्षेत्रको स्थापना गरी दश वर्ष भित्र १० लाख व्यक्तिहरूले रोजगारी पाउने गरी औद्योगिक क्षेत्रको विकासले फड्को मार्ने।

**८.२ आगामी चार वर्ष भित्र मुलुकलाई अतिकम विकसित मुलुकबाट स्तरोन्नति गरिने र दश वर्षभित्र मध्यम आय भएको मुलुकमा पुऱ्याउन देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछः**

- सरकारी, सहकारी, निजी र विकास साझेदारहरु बीच उच्चतम् समन्वय र सहकार्यमा लगानीको आकार र गुणस्तर अभिवृद्धि गरिने।

- आगामी आर्थिक वर्षदेखि दिगो, फराकिलो र समन्यायिक ढंगले दुई अङ्कको आर्थिक वृद्धिदर हासिल हुने गरी बजेट कार्यान्वयनलाई तीव्रता दिइने।

- कृषिको आधुनिकरण, यान्त्रिकरण र मूल्य श्रृङ्खला अभिवृद्धि मार्फत चार वर्षमा कृषि उत्पादन दोब्बर गरिने, आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुने र पाँच वर्षमा परम्परागत कृषि पेशामा आश्रित जनसङ्ख्या एक तिहाइले घटाउने गरी कृषि विकासका कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाइने।

- कृषि क्षेत्रको विकासको लागि भू-उपयोग नीतिदेखि बजार व्यवस्थापन सम्मका कार्यक्रमहरूलाई एकीकृत रूपमा अघि बढाइने।

- सरकारी अनुदान र कर सहुलियतको माध्यमबाट आन्तरिक औद्योगिक उत्पादनलाई प्रोत्साहित गर्नुका साथै लगानीको बातावरण उल्लेख्य सुधार गरी कृषिजन्य उद्योग, साना तथा घरेलु उद्योग र रणनैतिक महत्वका उद्योगहरूको विकासबाट कुल राष्ट्रिय आयमा औद्योगिक क्षेत्रको अंश क्रमशः बढाउँदै लगिने।

- शिक्षामा प्राविधिक धार वृद्दि हुने गरी प्राविधिक शिक्षाको विकास तथा बिस्तारमा जोड दिइने।

- आय आर्जन र रोजगारीमा उल्लेख्य योगदान पुग्ने गरी पर्यटन क्षेत्रको विकास गरिने।

- वित्तीय क्षेत्र स्थायित्व कायम गर्दै वित्तीय पहुँच अभिवृद्धि र वित्तीय साधनलाई उत्पादनमुखी बनाइने।

## ८.३ चुनावी प्रतिद्धता अनुरूप आगामी ५ वर्षभित्र वृद्ध भत्ता लगायतका सामाजिक सुरक्षाका प्रतिवद्धताहरु पुरा गरिनेछः

- राजस्व मार्फत खर्चको स्रोत वृद्धि गरी वृद्धभत्तालाई समय सापेक्ष बृद्धि गर्दै लगिने।
- सामाजिक सुरक्षाको दायरालाई फराकिलो, एकीकृत र प्रभावकारी बनाइने।
- राज्यले संरक्षण दिनु पर्ने व्यक्ति, परिवार र समुदायलाई प्रभावकारी र भरपर्दो संरक्षण तथा सुरक्षा दिइने।

## ८.४ आगामी पाँच वर्ष भित्र "समृद्ध नेपालः सुखी नेपाली" को लक्ष्यको भरपर्दो आधारशीला तयार भएको हुनेछः

- दुई वर्षभित्र चरम गरिवी, विपन्नता र सामाजिक विभेदलाई पूर्णरूपमा अन्त्य गरिने।
- पाँच वर्ष पछि विदेशी रोजगारीमा जान नपर्नेगरी काम र रोजगारीका अवसर सुनिश्चित गरिने।
- दश वर्ष पछि विदेशी ऋण नलिने गरी आगामी वर्षहरूको बजेटमा विदेशी सहयोगलाई सामाजिक क्षेत्र र पूर्वाधार क्षेत्रको विकासमा परिचालन गरिने।
- आगामी ४ वर्षभित्र परनिर्भरता उल्लेख्य रूपमा घट्ने र दश वर्षपछि व्यापार घाटा अन्त्य हुने गरी निर्यात प्रवर्द्धन र उत्पादन अभिवृद्धि गर्न बजेट केन्द्रित गरिने।
- माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुने। सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्दै प्रविधियुक्त बनाइने।

- स्वास्थ्य, शिक्षा र वित्तीय क्षेत्रमा गुणस्तर तथा पहुँच वृद्धि हुने।
- सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरमा ल्याइने।
- ज्ञान र प्रविधिमा आधारित उद्योग व्यवसायहरू प्रोत्साहित हुने।
- नागरिकलाई प्रत्यक्ष अनुभूति हुने गरी सार्वजनिक सेवा सहज, सुलभ, पारदर्शी, प्रभावकारी र मितव्ययी बनाइने।
- कर प्रणालीलाई थप प्रगतिशील, समन्यायिक र फराकिलो बनाउदै संघीयता कार्यान्वयन, सामाजिक सुरक्षा अभिवृद्धि र विकास निर्माण कार्यमा तिव्रता दिन भरपर्दो स्रोतको रूपमा विकास गरिने।

## ८.५ सार्वजनिक क्षेत्र, सहकारी र निजी क्षेत्रको संयुक्त प्रयासबाट मात्र समृद्धि हासिल गर्ने तर्फ थप कार्यहरु गरिने छः

- अर्थतन्त्रमा निजी र सरकारी क्षेत्रको अंश झण्डै दुई तिहाइ रहेको सन्दर्भमा बजेटले सहकारी र निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्दै उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोगमा जोड दिने।
- समृद्धि हासिल गर्नमा तीनै तहका सरकारहरुको भूमिका र जिम्मेवारी त्यतिकै महत्वपूर्ण रहने कारण नेपाल सरकारले प्रदेश र स्थानीय तहका सरकारहरूसँग आर्थिक रूपान्तरण तथा समृद्धिको यात्रामा एकता, समन्वय र दरिलो सहकार्य गर्ने।

## ८.६ "समृद्ध नेपालः सुखी नेपाली" को दीर्घकालीन लक्ष्य अमूर्त नारा होइन, त्यसको आधारशीला निर्माणमा सरकार द्रुत गतिले अघि बढ्नेछः

- मुलुकको अर्थतन्त्र र नागरिकलाई सवलीकरण गर्दै सबै नागरिकलाई समान हक, समान अवसर र समान सम्मानको प्रत्याभूतिबाट समृद्धि र समाजवादको दिशामा अघि बढ्ने।
- नागरिकलाई काम र रोजगारीसँग आवद्ध गरिने, मानवीय साधन-स्रोत, अवसर र क्षमताको उच्चतम् विकास तथा उपयोग गरिने, पूँजी तथा प्रविधिको उपयुक्त परिचालन, आधुनिक, व्यवस्थित र गुणस्तरीय पूर्वाधार विकास, दिगो, फराकिलो र तीब्र आर्थिक वृद्धि, गुणस्तरीय सार्वजनिक सेवा र सुशासनको प्रत्याभूतिले समृद्धिको मार्ग प्रशस्त हुने भएकोले बजेट यही दिशामा अघि बढ्ने।

माथि उल्लेखित सवै कार्य गर्न उपयुक्त कानूनी तथा संगठन संरचना, नीति तथा रणनीति तर्जुमा, स्रोत तथा साधन व्यवस्थापन, कार्यान्वयनको खाका तथा यी सवै कार्यमा निजी, सहकारी तथा सामूदायिक क्षेत्र र अन्तर्रास्ट्रिय विकास साझेदारहरु संगको सहकार्यलाई सरकारले अझ प्रभावकारी वनाउने छ।

●●●